# THE CHURCH AND ITS CONDITION

## मण्डली र त्यसको स्थिति

**५ अगस्त १९५६**

**जैफरसनविले, इन्डियाना, यू.एस.ए.**

बच्चामा हुने एक विशेष रोगको सम्बन्धमा आज बिहान प्रार्थनामा स्मरण गरिनेछ र हामी सबै प्रार्थना गर्ने छौं। चिकित्सकलाई यो रोगबारे ज्ञान छैन र तिनीहरूले कुनै नाम मात्र दिएका छन् तर रोग पत्ता लगाउन सकेका छैनन्। तर इसाई जान्दछन् यो के हो। म तपाईलाई बताउन सक्छु यो के हो, यो एक दुष्टात्मा हो, शैतान हो। यसलाई जे नाम दिए तापनि यो तिनीहरूमा निर्भर गर्दछ। जो यो छ दुष्टात्मा हो। अब आउनोस् हामी सबै मिलेर "केवल विश्वास गर" भन्ने गाऔं।

केवल विश्वास गर, केवल विश्वास गर
सबै कुरा सम्भव छ, केवल विश्वास गर
केवल विश्वास गर, केवल विश्वास गर
सबै कुरा सम्भव छ, केवल विश्वास गर

२) बहिनी परमेश्वर तपाईलाई निको पार्दै हुनुहुन्छ। जब हामी आफ्नो शीरलाई झुकाउँदछौं, आउनुहोस् हामी यो केटीको लागि प्रार्थना गरौं।

३) हाम्रो स्वर्गीय पिता, मलाई यस्तो लाग्छ कि म मेरो अस्तित्वबाट यो बाहिर निकाल्न सक्दिन। त्यो केटी जो मरिरहेकी छ कसैको अति प्रिय छ। ऊ तपाईकै सृष्टि हो र शैतानले उसको युवावस्थामा नै डाका डाल्दैछ। म प्रार्थना गर्दछु कि तपाईले त्यो मृत्युको हातलाई ऊबाट हटाइदिनुहोस् र त्यो शत्रुलाई भगाइदिनुहोस्। तपाई उही प्रभु हुनुहुन्छ जसले लाल समुद्रलाई दुई भागमा पार्नु भएको थियो र आफ्नो इजरायली जातिलाई सकुशल सागर तार्नुभएको थियो र उनीहरूलाई आफ्नो पिता पुर्खाको प्रतिज्ञाको देशमा पुराउनुभएको थियो। परमेश्वर हामी प्रार्थना गर्छौं कि तपाई प्रत्येक अवरोध हामीहरूबाट हटाइदिनु हुनेछ र यो बच्चीलाई जिउन दिनुहुनेछ। हामी यो प्रार्थनामा हामी माग्दछौं र हामी तपाईमा विश्वास गर्छौं साथै येशूको नाउँमा यो बच्चीको चगाई माग्दछौं। आमिन।

४) आज म आफ्नो कृतघ्न हृदयबाट भन्दछु कि प्रभु येशूको नाममा तपाईसँग फेरि आएको छु। म लुइसआनाबाट केही पहिले घर आएको छु। मैले सोचेको थिएँ आइतबार पहिले नै आउन सकूँ र सन्डे स्कूल लिन सकूँ, र त्यहाँको मौसम धेरै गर्मी थियो हामी सबै बिहान लुइसयानाबाट टाढाको मौसम केही ठण्डा होला। तपाई लुइसयानामा यसप्रकारको घरमा पंखा लगाएर बस्न सक्नुहुन्न त्यहाँ यरकण्डिसन आवश्यक हुन्छ नत्र तपाई मुर्छित हुनुहुन्छ।

५) यसकारण म आए कि आउने हप्ता उत्तरी सेसकटाचिवनको लागि जो “प्रिन्स एल्वर्ट” को माथि पर्छ त्यता जान सकूँ, म एक वा दुई दिन विश्राम गर्न सकूँ,

यो त्यति धेरै टाढा छैन कि संसारमा सबै मार्ग विना सडक पार गरिन्छ र त्यहाँ केही छैन रेड इन्डियान र एसकिमो अन्तरित भागमा पर्छ जहाँ यो पटक हामी जाँदैछौं। यो सभामा क्यानाडाबाट मानिसहरू आएका छन्। उनीहरूले बताए बमोजिम कोही पश्चिमी तटबाट आएका छन्। म तपाईको प्रार्थनाको खाँचो महसूस गर्दछु। परमेश्वर हामीसँग भएर एक महान ठूलो धेरै मानिसहरू भएको सभाको आयोजना भएको होस्। यो लगभग चार या पाँच वर्ष भएको र जब म क्यानाडामा थिएँ। त्यहाँ केही सम्पन्न मित्रहरू जो असल थिए।

६) तिनीहरू मण्डली नियमित जाने गर्दछन्। उनीहरू जति नै जाडोको प़रवाह नगरी कम्बल ओडेर वर्फमा चिप्लने गाडीमा घोडा जस्तै ३० मिलको दरले दौडेर चर्च पुग्छन् ती वृद्ध जवान सबै बर्फिले ठाउँ पार गर्दै सबै एक साथ जाने गर्छन्। कुनै परिवार अर्को परिवार हुँदै जान्छन्। तिनीहरू जो गर्छन् त्यो पनि बलिदान नै हो र तिनीहरू धेरै सभामा भाग लिन्छन्। जब कसैले त्याग गर्दैनन् मानिसलाई सभामा जान पनि मन लाग्दैन। तपाई आफूलाई नम्र तुल्याउनु पर्छ र कुनै कुराले भित्रै प्रभाव पारेको जस्तो कुनै कुरा छोडेर तपाईले चर्च जानुलाई प्राथमिकता दिनुहुन्छ र परमेश्वरलाई देखाउनुहुन्छ कि तपाई उहाँलाई प्रेम गर्नुहुन्छ र तपाई चर्च जानको लागि त्याग गर्नुहुन्छ यो तब मात्र सम्भव छ जब तपाईलाई केही प्राप्त हुन्छ।

७) यो मेरो बच्चाहरूको जस्तै हो। बिल्ली पावल मैले सोचेको थियो कि म गर्छु, जब म बच्चा थिएँ मैले केही पाएको थिइन। हुन सक्छ मामाले मिस्रीको डल्लोलाई तोडेर दुई तीन टुक्रा पार्नुहुन्थ्यो। हुन सक्छ क्रिमसको अवसरमा छोटाछोटा सिटी, पिसतौल र अन्य खेलौना

दिइन्थ्यो र म अरू बच्चालाई कोही राम्रो ज्याकेट लगाएको कोही बर्फमा चल्ने, गाडी, साइकल चलाएको देख्छु। त्यसैले मलाई नराम्रो लाग्छ र मैले भनें "यदि कहिलेकहीं मेरो आफ्नै बच्चा हुँदोहो ता, म उनीहरूको लागि सबै कुरा गर्छु जो मैले गर्न सक्छु।" यो ठिक छ कि बच्चाले केही पाओस् भनेर स्वयं भोकै रहन पनि तयार हुन्छ। जब मैले जीवन बिताउँदै गएँ जब विल्ली मात्र एउटा सानो केटा थियो मैले उसलाई तीन चक्का भएको सानो साइकिल दिएको थिएँ र कहिले कुनै अर्थोक दिन्थें। साथै मैडा पनि सबै प्रयत्न गर्थी उनी आफ्नो सबै कपडा सामान दिन चाहन्थिन् तपाई विचार गर्नुहोस्। हामीले कस्तो ज्ञान लिन थाल्यौ ? मैले उसको लागि साइकल र सानो धनुषवाण आदि थिएँ तर मैले उसलाई बाहिर प्रांगणको पछाडि लकडी आदि ठाउँमा रहेको पाएँ। बुझ्नुभो ? मैले भनें मेरो पहिलो सन्तान यस्तो गर्न सक्दैन। बुझ्नु भो ? तपाई कसैलाई पनि सबै हातभरि दिन चाहनुहुन्छ तर उसले लिन चाहँदैन। अब यस्तो हो कि तपाईले केही त्याग गर्नुपर्ने हुन्छ।

८) ठीक यस्तै हो उद्धार पनि। यो पूर्ण बलिदान हो। भाई रायँ, यो एक पूर्ण बलिदान हो। यो यस्तो बलिदान हो तपाईले प्रत्येक दिन गर्नुपर्छ। परमेश्वरको नजिग आउनको लागि कुनै न कुनै कुरा प्रत्येक दिन बलिदान दिनुपर्ने हुन्छ र म जान्दछु कि यस बिहान यो भवनमा बस्नु तपाईहरू सबैको लागि एक बलिदान नै हो। जब कि हामी यहाँ बस्दछौं त्यो महान बलिदान जो मानिसको लागि भएको थियो। आफ्नो मनमा स्मरण गरौं- त्यो बलिदान येशू ग्सिह थियो ऊ हाम्रो बदलामा पृथ्वीमा बलिदान हुन पठाइएको थियो। केवल त्यो मात्र होइन उसको प्राण अधलोकमा आयो र तीन दिनरात रह्यो र

तेस्रो दिनमा बौरी उठेको थियो र ऊ उचालिएर स्वर्गमा पिताको दाहिने हातपट्टि बसेको र उसको अनुग्रह तथा हाम्रो प्रायश्चित उसलाई स्वीकार गरेर ऊ हामीहरूको र परमेश्वरबीच मध्यस्थता गरिरहेको छ ता कि हामी शिद्ध हुन सकौं ।

९) अब हेर्नोस्, त्यहाँ माथि.... हामी जहाँ माथिको भागमा जाँदैछौं, त्यहाँ धेरै मानिसहरू गरिब हुन् उनीहरू आउनको लागि आफ्ना गाईहरूमध्ये कुनै एक गाई अथवा भेंडाहरूमध्ये कुनै एक भेंडा बेचेर आउनुपर्छ। सम्भवत: बृद्ध एस्किमो आफ्नो ओड्ने (जसलाई उनीहरू सर्दिमा ओड्छन्) केही लिएर आएका हुन् त्यसलाई बेचेर आएका छन् जसलाई आफ्नो परिवारको लागि खर्च धान्न आवश्यक पर्छ। रेड इण्डियन व्यापारीहरूको लागि पनि त्यस्तै नै गर्नुपर्छ। अब हामी तिनीहरूको लागि प्रार्थना गर्न सक्छौं कि हामी गर्न सक्दैनौं ? अब हामी प्रार्थना गर्छौं कि परमेश्वरले उनीहरूलाई एक महान वस्तु प्रदान गरून् ।

१०) अब हेर्नोस्, यहाँ धेरै गर्मी छ र म तपाईहरूलाई धेरै समय रोकेर राख्दिन। आज बिहान पहिले हामी विमारीको लागि प्रार्थना गर्नेछौं म यो चाहन्छु कि "मण्डली र उसको अवस्था" मा आफ्नो ध्यान केन्द्रित गरियोस्। अब म यो अनुभव गर्छु केही दिन पहिले शिर्वीपोर्ट लुइसयानामा जो सन्देश मण्डलीको लागि भनेर दिइएको थियो म विश्वास गर्छु कि त्यो मण्डलीको स्थिति हो। आज बिहान हामी परमेश्वरको सम्मुख आएका छौं र हामी परमेश्वरसँग हामीलाई सहायता पाउँ भनेर माग्ने छौं। हामी ठीक उस्तै लक्ष्य बनाउन सकेका छैनौं तापनि परमेश्वरसँग जुन दिनमा हामी छौं सहायता माग्दैछौं।

यो पहिले मात्र... त्यो महान प्राचीन बाइबल हो परन्तु यसैभित्र अनन्त जीवनको मूल पाठ पाउन सकिन्छ ।

११) अब स्मरण राखौं, बचन परमेश्वर हो परमेश्वर आफ्नो बचन भन्दा बाहेक छैन । हामी पनि हाम्रो बचन भन्दा बेग्लै छैनौं । यदि हामी गर्छौं भने वास्तवमा म र तपाईहरू भिन्नभिन्न भएका छौं किनकि ऊ भन्न सक्छ "म कुनै अचम्मको काम गर्ने छु" हामीहरूको त्यो अभिप्राय हाम्रै हृदयमा हुन्छ त्यस्तो परिस्थिति देखापर्न सक्छ हामीले गर्छु भनेको थियौं तर गरेका छैनौं । तर परमेश्वर यस्तो गर्नु हुँदैन किनकि उहाँ अनन्त हुनुहुन्छ र उहाँ सबै जान्नुहुन्छ जो पहिले भएको थियो अब हुन्छ सबै जान्नुहुन्छ । तबसम्म उहाँ कुनै भन्नुहुँदैन जबसम्म उहाँलाई थाहा छैन वा मिल्न आउँदैन ।

१२) जब अब्राहाम सय वर्षको थियो जुन कुरा थिएन त्यसको नाम लिइयो मानौं त्यो थियो । जब म उनीहरूको उत्साह बडाउनको लागि भनिरहेको छु, जसको लागि प्रार्थना गर्नुछ जो विमार छन् । अब्राहम जो कुरा थिएन उसको नाम यस्तो लिन्थे कि मानौं त्यो थियो र उसले मानेको थियो कि जसले उससँग प्रतिज्ञा गरेको थियो ऊ पूरा गर्न सक्ने छ जुन बचन पूरा गर्ने नै छ । अब हेरौं जब परमेश्वरले अब्राहामलाई भन्नुभयो जब ऊ पचहत्तर वर्षको थियो सारा पैसठी वर्षकी थिई परमेश्वरले उसलाई भन्नुभएको थियो कि एक बालक हुनेछ जब कि त्यस्तो हुन असम्भव नै थियो । र त्यो कुरालाई उसले पच्चीस वर्षसम्ममा मनमा राख्यो र बालक हुनेछ । जब बालक उत्पन्न भयो अब्राहाम सय वर्षको थियो र सारा नब्बे वर्षकी थिई । किनकि उसले विश्वास गरेको थियो । यसकारण ती कुरा जो थिएनन् नाम यस्तो लिन्थ्यो मानौं त्यो थियो ।

१३) अब ठीक त्यस्तै विमारी दुःखीहरूको लागि पनि प्रार्थना गर्नुपर्छ। तपाईलाई के समस्या छ त्यो कुनै मतलवको छैन चाहे त्यो कुन प्रकारको रोग छ तपाईको स्थिति कति खराब छ जब तपाई खीष्ट र उहाँको बचनलाई ग्रहण गर्नुहुन्छ तब तपाई त्यस्तो नाम लिनुहुन्छ मानौं त्यो थिएन यदि त्यो परमेश्वरको बचनको विपरीत छ। अब हेर्नोस् परमेश्वरले भन्नुहुन्छ "विश्वासको प्रार्थनाद्वारा रोगी बच्ने छ।" ठीक छ यदि परमेश्वरले यो भन्नुभएको छ कुरा यही सकिन्छ। फेरि हामी आफ्नो मस्तिष्क आफ्नो आशा उहाँमा नै लगाएर त्यस्तै कार्य गर्नुपर्छ मानौं त्यो पहिलेबाटै गरिँदैछ। पहिलेबाटै त्यो हुँदै आएको छ हामी केवल त्यसलाई ग्रहण मात्र गर्छौं।

१४) ठीक त्यस्तै प्रकारले उद्धारको कुरा पनि हो। हामी त्यसको विश्वास गर्छौं र ग्रहण गर्छौं। तपाई यसलाई आफ्नो हृदयमा विश्वास गर्नोस् परमेश्वरको सम्मुख आउनोस् र खीष्टलाई आफ्नो व्यक्तिगत र उद्धारकर्ताको रूपमा ग्रहण गर्नोस्। आज बिहान यदि तपाई एक पापी हुनुहुन्छ भने बचाइनुभएको छैन भने र यदि तपाई विमार हुनुहुन्थ्यो र तपाई चगाई हुन चाहनुहुन्छ भने पहिले प्रभुलाई खोजी गर्नोस्। तपाई उहाँलाई उद्धारकर्ता भनेर ग्रहण गर्नोस् तबमात्र तपाईको विमारी निको हुन्छ। यो चाहे जो कुरा किन नहोस् तपाई आफ्नो विचार (जो कुरा तपाईसँग छ) तपाई त्यो सम्पूर्ण मनुष्य येशू खीष्टमा लगाई दिनोस् र अरू सबै कुरा ठीक भएर जान्छन्।

१५) अब तपाई आफ्नो मन उसैमा लगाई राख्नोस् किनकि यो कुरा मैले विमारीको लागि भनेको छु। आज बिहान म 'मण्डली र त्यसको स्थिति' बारे बोल्नेवाला छु। किनकि म यो अनुभव गर्छु कि दिव्य चगाई धेरै राम्रो

कुरा हो । जब म शर्वीपोर्टमा थिएँ एघार दिनमध्ये तीन वा चार चगाई सभा गर्न पाउँथें । यो अति आवश्यक छ मानिसको लागि प्रचार गर्नुपर्छ त्यो भन्दा अधिक समय चगाइमा लगाउनुपर्छ। जो विमार छन् र उसलाई परमेश्वरले चगाई गर्नु हुन्छ । यो कुरा सर्वत्र भएकै कुरा हो । मुख्य कुरा मानिसको प्राण हो जो कहिल्यै मर्दैन र हामीले परमेश्वरसँग सम्बन्ध ठीक गरी राख्नुपर्दछ ।

१६) मैले प्राय: यही भन्ने गरेको छु । म सबै कुरा पूरा भएको चाहन्छु किनकि त्यो बिहान जब म नदीतर्फ गएँ कुनै समस्या थिएन । म चाहन्छु कि आफ्नो हातमा आफ्नो टिकट हातमा लिएर नामको प्रतिक्षा गरिरहेको छु । म यस्तै गर्न चाहन्छु जस्तो पहिले पावलले भनेका थिए । जस्तो भाई क्रिन्चले भन्छन् "म उहाँले उसको पुनरूत्थानको सामर्थ्यमा जान्दछु ।" यस्तो होस् कि जब मरेकाहरूलाई नाम काडेर बोलाइन्छ माटोबाट बाहिर आइज भनेर म उहाँलाई उसको पुनरूत्थानको सार्थ्यमा जान्दछु ।

१७) अब हेरौं, उहाँ जो यो पुस्तकका रचयिता हुनुहुन्छ । आउनोस् हामी हाम्रो शीर हृदय उहाँतर्फ झुकाऔं ।

१८) हे परमेश्वर, हाम्रो पिता, अब हामी तपाई समक्ष यो माग्नको लागि आउँदछौं कि तपाई आफ्नो बचनलाई हाम्रो निम्ति अर्थ खोलिदिनोस् । हामी त केवल पाना पल्टाउन सक्ने छौं तर पवित्र आत्माले मात्रै बचनको अर्थ खोल्न सक्नुहुन्छ । यसकारण पिता, हामीलाई यो बिहान अर्थ खोलिदिएर अनुग्रह गरिदिनुहोस् । हामी आभारी हुनेछौं । हुन सक्छ भने पवित्र आत्मा नै बचनमा आउनुहोस् र मानिसको ओठदेखि मानिसहरूको हृदयमा पुग्न सकोस् हामीलाई जो खाँचो छ ठीक त्यसरी नै हृदयमा बस्न सकोस् । जब सभा समाप्त हुनेछ हामी घर

फर्कन तयार हुनेछौं। हामी नम्रतापूर्वक आफ्नो शीर झुकाएर हामीले जो तपाईको विषयमा सिकेका छौं जो तपाईले हाम्रो निम्ति गर्नु भएको छ तपाईलाई नै महिमा र धन्यवाद गर्न सकून्। हामी येशू ख्रीष्टको नाउँमा मागदछौं।

- आमिन

१९) अब तपाईहरू जोसँग बाइबल छ। मसँगै पढ्न र चिन्ह लगाउन चाहनुहुन्छ भने यूहन्नाको पहिलो अध्यया पढ्नुहोस्। हामी बचनबाट मूल पाठ हेर्नेछौं त्यसपछि हामी प्रार्थना गर्ने छौं पवित्र आत्मा नै बचनलाई हामी हेर्नेछौं। हामी यसलाई पढ्न ता सक्छौं हामी जो पढ्न सक्छौं तर परमेश्वरले मात्रै यसको सन्दर्भ निकाल्न सक्छ। मूल पाठ पढ्न सकिन्छ किनकि यो उहाँको बचनमा पाइन्छ तर त्यसको अर्थ परमेश्वरले नै दिनुहुन्छ। अब हेरौं यूहन्ना १:२८ बाट ३२ पदसम्म पढ्न सक्छौं।

यी कुरा यर्दन पारि बेथानीमा भएको हो जहाँ यूहन्नाले बप्तिस्मा दिइरहेका थिए।

भोलिपल्ट उनले येशूलाई आफूकहाँ आउँदै गर्नु भएको देखेर भने "हेर संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा! उहाँ उही हुनुहुन्छ, जसका विषयमा मैले भने, "म पछि एक जना आउनुहुन्छ, जो म भन्दा अगाडि हुनुहुन्छ किनकि उहाँ मभन्दा अगाडि हुनुहुन्छ, किनभने उहाँ मभन्दा पहिला हुनुहुन्थ्यो।" औ मैले उहाँलाई चिनेको थिइन तर उहाँ इजरायलमा प्रकट होउन भनेर नै म पानीले बप्तिस्मा दिँदै आएँ। "औ यूहन्नाले यसो भन्दै गहवायी दिए" मैले आत्मालाई स्वर्गबाट ढुकुर झैं ओर्लंदै

गर्नुभएको देखें र उहाँ माथि बस्नुभयो। म फेरि ३२ पद पढ्न चाहन्छु

औ यूहन्नाले यसो भन्दै गवाही दिए, मैले आत्मालाई स्वर्गबाट ढुकुर झैं ओर्लंदै गर्नुभएको देखें र उहाँमाथि बस्नुभयो।

२०) अब हुन पाओस् कि परमेश्वर आफ्नो बचनलाई आशिष देउन्। म यही चाहन्छु कि तपाई प्रत्येक शब्दलाई हेर्नोस् यदि हामी सक्छौं भने तपाई जो पछाडि हुनुहुन्छ के तपाई मलाई सुन्न सक्नुहुन्छ ? ठीक छ, तपाई जो पछाडि हुनुहुन्छ तपाई मलाई सुन्नसक्नु हुनेछ यदि तपाई मलाई सुन्न सक्नुहुन्छ भने तपाई आ-आफ्ना हात उठाउनुहोस् ठीक छ।

२१) अब यो बिहान म कतिपय उदाहरण दिएर तपाईलाई बताउन चाहन्छु कि जो यो मण्डलीमा घनिष्ठ छैनन उनीहरूले पनि बुझ्न सकून्। अब हेर्नोस् हामी आफूलाई उत्तम बनाउनको लागि मण्डलीमा आउँछौं। हामी आफैलाई अति असल बनाउनको लागि र असल खीष्टियन बन्नको लागि आउँछौं। हामी यसकारण आउँछौं कि खीष्टले भन्नु भएको थियो अथवा अति उत्तम नागरिक बनाउनको लागि अति उत्तम पिता बनाउनको लागि र अति उत्तम आमा बन्नको लागि अति उत्तम छिमेकी बन्नको लागि यदि हामी आउँछौं र जहाँ दुई वा तीन भेला भएर उहाँको नाउँमा माग्दछौं उहाँ हामीसँग हुनुहुन्छ र हामीलाई दिनु पनि हुनेछ। अतः आज हाम्रो निम्ति त्यो भन्दा बढी के हुन सक्छ। हामी यो जान्दछौं कि मण्डलीमा अति राम्रो बन्न बनाउन हाम्रो बुद्धिलाई विस्तार गर्न आएका छौं। कतिले भन्नुहुन्छ "यसैका लागि म यहाँ छु ?" आउनोस् हामी हेरौं "म एक राम्रो समझ चाहन्छु।" र हामीसँग राम्रो समझ हुन सक्दैन जबसम्म

हामी.... यदि हामी परमेश्वरको समझ आर्जन गर्न चाहन्छौं भने समझ परमेश्वरको बचनबाट आउन सकोस्। किनकि त्यो बचन परमेश्वरले हाम्रो भोको प्राणलाई तृप्त गर्नको लागि दिनुभएको छ। पवित्र आत्मा पठाउनु भयो ता कि उसले परमेश्वरको बचन लेओस् र त्यसबाट तृप्त तुल्याओस्। के तपाईले सम्झनुभयो ? हेर्नोस् हामीलाई पवित्र आत्मा पठाइएको छ कि परमेश्वरका बचन लेओस् र उसलाई हामीलाइ जस्तो आवश्यक छ त्यस्तै प्रदान गरोस्। म अति आनन्दित छु कि परमेश्वरले यस्तो व्यवस्था गर्नुभो के तपाई यी कुराबाट आनन्दित हुनुभएको छैन ? उहाँ नै हुनुहुन्छ जस्ले हामीलाई पोषित पार्दछ।

२२) हामी उसको भेंडागोठका भेंडाहरू हौं। हामी त्यो भेंडा सम्बन्धी केही वेरपछि कुरा गर्ने छौं। हामी परमेश्वरका त्रिस्तरीय प्राणी हौं जब उसले हामीलाई नियन्त्रण गर्छ तब उसले हामीलाई मार्गदर्शन एवं नेतृत्व प्रदान गर्न सक्छ।

२३) अब हेर्नोस् परमेश्वरले जब येशूलाई पृथ्वीमा पठाउनुभयो उहाँले उसलाई पशुसमान तुल्याउनुभयो। त्यो पशु थियो थुमा (भेंडा)। प्रारम्भमा परमेश्वरले अदनको बगैंचामा मसिहको आगमनको प्रतिक्षामा एक वैकल्पिक बलिदानको रूपमा मेम्नों (भेंडा) बलिदान गर्नुभएको थियो। भेंडाको त्यो बैकल्पिक बलिदान मसिहको आगमनको प्रतिछ्राया थियो। म छक्क पर्छु कि किन परमेश्वरले एक जनावरको रूपमा पशुको रूपमा प्रतिछाया देखाउनुभो। तर मैले थाहा पाएँ कि भेंडा.... त्यो कारण हो भेंडा नै पृथ्वी सबभन्दा नम्र र सज्जन हुन्छ। एक सानो भेंडा भन्दा नम्र अरू केही हुँदैन यति नम्र कि ऊ आफैलाई सम्हाल्न पनि सक्दैन। ऊ अहंकारी हुँदैन ऊ नम्र सज्जन जीवन

हो। जब परमेश्वरले पृथ्वीमा मसिह उपस्थित गर्न लाग्नुभयो मसिहलाई एक भेंडाको जस्तै प्रस्तुत गर्नुभयो।

२४) जब परमेश्वर, पिता परमेश्वर यहोवा स्वर्गबाट स्वयंलाई प्रस्तुत गर्न लाग्नुभयो उहाँले आफ्नो प्रस्तुति आकाशमा उड्ने पंक्षीबाट गर्नुभयो। जो (ढुकुर) थियो जो सर्वाधिक नम्र थियो। ढुकुरभन्दा नम्र पंक्षी अरू कुनै हुँदैन। मैले पंक्षीहरू र अरू बन्यजीवहरू सम्बन्धी प्रसस्त अध्ययन गरेको छु। ढुकुर आकासमा उड्ने पंक्षीहरूमध्ये अति भिन्न र नम्र हुन्छ। ढुकुर मायालु पंक्षी हो, ढुकुर नम्र हुन्छ। ढुकुरमा पित्त हुँदैन। पंक्षी वर्गमा यो ढुकुरमा पित्त हुँदैन। यसैकारण ढुकुरलाई अन्यत्र कहीं पाइँदैन। तर अन्न, बीज भएको ठाउँ वरपर पाइन्छ।

२५) अब हेर्नोस् पानीको जहाजमा ढुकुर थियो। बाइबलमा ढुकुर धेरै ठाउँमा उल्लेख छ। यो पवित्र आत्माको प्रतीक हो। भेंडा (मेम्ना) पनि बाइबलमा धेरै ठाउँमा उल्लेख छ। प्रकाशित वाक्य र उत्पत्तिको पुस्तकमा पनि मसिहलाई भेंडाको रूपमा दर्साइएको छ। त्यसैगरी ढुकुरलाई पनि दर्साइएको छ।

२६) उत्पत्तिको पुस्तकमा पानीको जहाजमा अर्को एउटा पंक्षी पनि थियो। पंक्षी काग थियो। काग पंक्षीहरूमा सबभन्दा तुच्छ मानिन्छ। काग सारै तुच्छ जसलाई हामी खोज्न सक्छौं। काग धेरै दीर्घायु पंक्षी हो र मानिसहरूको दावी छ कि करिब २ सय वर्ष बाँच्छ काग यस्तै हुन्छ। सुगा पनि धेरै बाँच्ने गर्छ।

२७) तर ढुकुर यस्तो जनावर हो। जसको पित्त हुँदैन। अब तपाई हेर्नोस् काग जहाँ पनि बस्न सक्छ र मरेको खान्छ। तर तपाईले ढुकुरलाई मरेको सिनो वरिपरि देख्न सक्नुहुँदैन। ढुकुरलाई सिनो गन्हाउने हुन्छ र त्यो

फोहोरमा बस्दैन ऊ विमार पर्न सक्छ कुनै नास हुने कुरामा ढुकुर रहन सक्दैन। सडेगलेको चीजमा ढुकुर रहँदैन र त्यो खाँदैन। यदि उसले खायो भने ऊ मर्न सक्छ। किनभने भोजन पचाउने पित्त ढुकुरमा हुँदैन। पित्त नभएको कारण ढुकुरले जे पायो त्यही खाँदैन। अब तपाई ढुकुरलाई शुद्ध वस्तुमा पाउनुहुन्छ। जहाँ स्वस्थकर खाने कुरा हुन्छ।

२८) अब हेर्नोस्, काग एक छुट्टै पंक्षी हो। अब हेर्नोस ध्यान दिनोस्, काग ढोंगीको रूपमा हुन्छ। काग कुनै पनि मरेको सडेको फोहोरमा बस्न सक्छ जति पनि सडेगलेको खान सक्छ र खेतमा उडेर जान सक्छ गहुँ पनि खान सक्छ। तर ढुकुरले त्यस्तो गर्न सक्दैन। गहुँ खाएर सडेको सिनोमा पनि जाने गर्दैन।

२९) त्यस्तै पाखंडी (ढोंगी) हुन्छ एक व्यक्ति जो ढोंगी हुन्छ ऊ आत्मिक वस्तु पनि खान सक्छ र नराम्रो पनि दुवै खान सक्छ। तर नयाँ जन्म पाएको एक साँचो इसाई विश्वासी त्यो खराव कुरा लिँदैन। केवल असल भोजन खान्छ। त्यसलाई ध्यान दिनुपर्छ। जब तपाई त्यस्तो व्यक्तिलाई देख्नुहुन्छ जो नाँच्न सक्छ, बाहिर गएर रक्सी पिउँछ बाहिर गएर पापमा जीवन बिताउँछ र मण्डलीमा पनि आउने गर्छ हुन सक्छ धेरै हल्लाखल्ला मच्चाउने गर्छ जस्तो एक पवित्रजनले गर्छ। त्यो व्यक्ति के हो त्यो धूर्त व्यक्ति हो। जसले राम्रो नराम्रो दुवै खाने गर्छ। तर साँचो विश्वासीले त्यो स्वीकार्दैन किनकि ऊ मृत्युलाई पार गरेर जीवनमा सरिसकेको हुन्छ। त्यसले तुरून्तै त्यस्तो कुरालाई त्याग्छ। ऊ स्वयंमा ती कुरा स्वीकार्दैन उसलाई त्यो खराव लाग्छ। ऊ मुख फर्काएर हिंडछ। अति राम्रो चित्रण छ यो।

३०) अब हेर्नोस् एक भेंडाको पाठो सारै असल हुन्छ। ऊ स्वयं आफूलाई सहायता गर्न सक्दैन। उसमा आत्मविश्वास हुँदैन किनकि ऊ स्वयंमा निर्भर रहन सक्दैन। केही समय पहिले जब म भेंडीगोठ भएर जाँदै थिएँ मैले त्यहाँ एउटा भेंडाको बच्चा पाएँ कुनै कारणले त्यो पाठोलाई छाडेर अरू भेंडा गएछन् ऊ काँडे तारमा अल्झेर रक्ताम्मे शरीरबाट रगत बगिरहेको थियो। म त्यतै भएर जाँदै थिएँ। मैले आधा माइल टाढाबाट त्यो देखें त्यहाँ भेंडाको झुण्ड थियो। अब त्यो पाठो त्यही छुटेर रह्यो, त्यसलाई त्यहाँबाट मैले नछुटाइदिएको भए कागले त्यसको आँखा निकालिरहेको हुनेथियो। तर मैले त्यो सानो पाठोलाई बाहिर निकालिदिएँ। त्यसले मेरो हातमा आउन इन्कार गरेन। त्यो शान्तपूर्वक बस्यो मैले त्यसलाई अँगालोमा उठाएँ। सायद पहिलोपटक कुनै मानिसले त्यसलाई हातमा लिएको होला तर त्यो सज्दजन थियो। ऊ चाहन्थ्यो उसलाई कसैले अगुवायी गरिदियोस्। म आशा गर्छु कि तपाई त्यसलाई देख्नुहुन्छ त्यो लात्तले हान्ने प्रतिरोध गर्नेवाला थिएन। भेंडाले धुलो फाल्ने, टोक्ने गर्दैन त्यो नम्र भएर बस्छ। जब मैले यो भेंडाको बच्चालाई उठाएँ र बाँकी अरू भेंडाको छेउ लगिदिएँ। केही मिनेटमा त्यसको आमाले त्यसलाई खोज्यो र त्यो ज्यादै प्रसन्न थियो। अब हेर्नोस परमेश्वरको भेंडाको कति अचम्मको प्रतिछाया हो।

३१) तपाईलाई थाहा छ कि भेंडा मार्नको लागि कहाँ लगिन्छ त्यो बधशालासम्म कसले अगुवायी गर्छ एउटा बाखाले। बाखाले नै भेंडालाई पशु बधशालातर्फ लैजान्छ जब बधशालासम्म पुराउँछ त्यो कुदेर भाग्न खोज्छ र जब त्यो बाखालाई काट्न लगिन्छ तब धेरै उफ्रन्छ बुझन्भयो।

३२) ठीक यस्तै प्रकारले शैतानले पनि गर्छ। त्यसले परमेश्वरको सन्तानलाई तुच्छ स्थानतर्फ लैजान प्रयास गर्छ। जब उसको मर्ने समय आउँछ त्यो भागेर दौडन्छ। ठीक त्यसरी नै शैतानले गर्छ। कहिलेकही कुनै एक सुन्दरी तरूनी र कोही जवान केटा हातमा चुरोट र ह्विस्कीको बोतल लिएर सर्वसाधारण विश्वासीलाई अगुवायी गर्छ तिनीहरूलाई विश्वासीलाई पथभ्रष्ट गरिदिन्छन्। जस्तो कि भेंडा कुनै गधाको बच्चा (पाजी) को साथ पाएर पथभ्रष्ट हुन्छ। त्यसले भन्छ कहिलेकही कुनै एक सुन्दरी तरूनी र कोही जवान केटा हातमा चुरोट र ह्विस्कीको बोतल लिएर सर्वसाधारण विश्वासीलाई अगुवायी गर्छ तिनीहरूलाई विश्वासीलाई पथभ्रष्ट गरिदिन्छन्। जस्तो कि भेंडा कुनै गधाको बच्चा (पाजी) को साथ पाएर पथभ्रष्ट हुन्छ। त्यसले भन्छ "यो विलकूल ठीक छ। चर्चलाई ती मनपर्ने कुरामा फसाएर लैजान्छ। तर तपाई त्यो पुरानो मान्छेलाई एक पटक प्रहार गर्नु हुन्छ त्यसले सर्वत्र हल्ला मच्चाउँछ। ठीक त्यसैगरी शैतानले गर्ने गर्छ।

३३) तर भेंडा शुसील हुंन्छ र त्यसलाई मार्गदर्शन गराउन सकिन्छ। यसैकारण परमेश्वरले मसिहलाई भेंडाको रूपमा र स्वयंलाई ढुकुरको रूपमा दर्शाउनुभयो। जुन दिन वप्तिस्मा दिने यूहन्नाले यर्दन नदीमा वप्तिस्मा दियो त्यो दिन एक महान घटना घट्यो। ध्यान दिनोस् त्यो कति सुन्दर जीव हो। भेंडा पृथ्वीको समस्त प्राणीहरूमा सर्वाधिक नम्र जीव हो र ढुकुर पनि आकासमा पंक्षीहरूमध्ये सर्वाधिक नम्र हुन्छ। र एक मात्र एउटा तरिका थियो कि ऊ भेंडा जस्तै भएर आउन सक्ने। अब हेर्नोस ढुकुर तल आयो, यूहन्नाले येशूलाई देखेर भने "हेर यो परमेश्वरको भेंडा (थुमा) हो जो जगतको पाप उठाई

लैजाने छ।" यूहन्नाले भने "मेरो यो गहवायी छ कि मैले परमेश्वरको आत्मा ढुकुरको रूपमा आउँदै उहाँमा बसेको देखे।" हालेलूयाह ! ठीक त्यस्तै स्थितिमा तपाई हुनुहन्छ। ढुकुर र थुमा आपसमा मिल्न गएँ। यो तबमात्र हुन्छ जब परमेश्वर र मानिस एक हुन्छन्। ठीक त्यस्तो जब हुन्छ स्वर्ग र पृथ्वीवीच मिलाप हुन्छ। हालेलूयाह ! यस्तो तब हुन्छ जब परमेश्वर देहधारी हुनुभयो। जब परमेश्वर आत्माको रूपमा तल आउनुभयो र देहधारी हुनुभो र हामीहरूबीच रहनुभयो। यस्तो तब भयो जब समस्त अनन्तताले एक अर्कामा आँलिग्न गरें। यस्तो तब भयो जब आदनबाट गिरेका मानव जाति र यहोवा र परमेश्वर तथा प्रत्येक एक अर्काको नजिग आएँ। जब परमेश्वर र मानिस त्यो महान स्मृति दिवस जब यूहन्नाले येशूलाई वप्तिस्मा दिए एक भए थिए। अब हेनोस् के हुन्छ, यदि त्यो भेंडा हुन्थ्यो ? ढुकुरको मधुर शितलता भेंडाको माथि कदापि हुने थिएन।

३४) यो भन्दा मधुर अरू के हुन सक्छ कि एक कुरकुर कराउने ढुकुर साँझमा थोरैबेर बसेर सुन्ने हो भने ? मैले आफ्नी श्रीमती र नानीहरू गुमाएपछि जब म.... म के गर्दैछु कसैलाई थाहा नपाओस् भन्ने चाहन्थे। म कारमा चढेर बाहिर जान्थे र सिधै वाल्वटरिज चिहानमा पुग्थें र एक रूखमा आड लागेर बस्थें र चिहानमा हेर्ने गर्थे। मैले तिनीहरूलाई भुल्न सकिन। यस्तो लाग्थ्यो कि म त्यसलाई धेरै सहन सक्दिन। मैले आफ्नो सानी बालिकालाई त्यहाँ सुताएको छु। मेरो आठ महिनाको बच्ची त्यहाँ सुतेकी छ। कसरी त्यो स-साना हात माथि उठाउँछ र मसम्म ल्याउँछे अनि म हर्न बजाउँथे उसलाई केही भन्थें र ऊ "गूग्रो-गूगो" गर्थी। आफ्नो साना हातलाई बाहिर निकालेर मसम्म आउँथी। म रूखको

आडमा बस्ने गर्थें जब साँझ पर्ने गर्थ्यो। त्यहाँ एक पुरानो ढुकुर हुने गर्थ्यो। र त्यो गाडीमा बसेर कू...कू... गर्थ्यो।, ओह, मेरो परमेश्वर ! एक पटक मलाई विस्मात भयो कि के यो मेरो बच्चीको अविनाशी प्राण हो जो मसँग कुरा गर्न यहाँ आएको छ। ढुकुरको कु....कु... भन्दा मधुर अरू केही हुँदैन। त्यो कति प्रेममय छ। त्यो समाचार लिएर आउँछ। त्यो शान्ति गर्न प्रयास गर्छ। बिहान सबेरै उठेर म त्यो झाडीमा जान्छु जहाँ तिनीहरूको नजिग पुग्छ र त्यसलाई सुन्नु कति शान्तिदायक हुन्छ। त्यहाँ अलि पर एक वृक्ष माथि बसेर एक अर्कामा कु...कू... गर्दछन्।

३५) अर्को कुनै दिन भाइ कोक्सकी आमाले पुरानो ढुकुरको दुई बच्चा दिएको थियो। तिनीहरूले ती बच्चालाई सबै भन्दा उच्च स्थानमा राखिदिए ताकि विरालो त्यहाँ नपुगोस् केवल ढुकुरको आमाले त्यसलाई खुवाउन सकोस्। तब त्यो तल आउँछे र साथमा वृक्ष माथि लैजान्थी ती ढुकुरका दुई बच्चा चुच्चो यताउता मोडदै माथि उडाउँदै कू...कू... गर्थे र दिनभर एकअर्कालाई प्रेम गर्थे।

३६) अनि मैले सोचे कि परमेश्वरले ढुकुर जो प्रेममय छ त्यो महान ढुकुरलाई अर्थात परमेश्वर चाहनुहुन्छ कि आफ्ना मानव जातिप्रति प्रेम गर्नुहुन्छ। परमेश्वर चाहनुहुन्छ कि उसलाई प्रेम गर्नुपर्छ। परमेश्वर चाहनुहुन्छ कि तिनीहरू आपसमा प्रेम गरून्। "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो कि उहाँले आफ्नो एकलौटे पुत्र पनि दिनुभयो ताकि जतिले उहाँमा विश्वास गर्छन् नाश नहुन् तर अनन्त जीवन पाउन्।". प्रभु धन्यवाद छ। परमेश्वर प्रेम गर्न चाहनुहुन्छ उहाँसँग भएको... उहाँले कसैलाई पनि प्रेमयोग्य बनाउन सक्नुहुन्छ। उहाँले आफू जस्तै सज्जन

बनाउनुभयो। उहाँले कसैलाई त्यस्तो बनाउनुभयो जसलाई उहाँ प्रेम गर्न सक्नुभएको होस्। उहाँले कसैलाई आफ्नै जस्तै स्वभावको बनाउनुभएको थियो।

३७) तपाईं कुनै त्यस्तो वस्तुलाई प्रेम गर्न सक्नु हुनेछैन जो तपाई भन्दा नीच स्वभावको छ। प्रेम केवल प्रेमसँग संयुक्त हुनुपर्छ। यदि कुनै पनि पत्नी त्यो प्रेमको स्तरसम्म पुग्छ भने जसले एक-अर्कामा प्रेम गर्नु नै पर्छ। परिवारमा एक-अर्कामा प्रेम गर्नु नै पर्छ। यदि केही प्रेमको त्यो स्तरसम्म पुग्छ त्यस्तो कोही हुनैपर्छ ताकि प्रेम गर्न सकियोस्। तपाई जहाँ पनि एक केटी खोज्नुहुन्छ जो तपाईकी स्वास्नी बनिदियोस् ताकि तपाईले उसलाई प्रेम गर्नुहुन्छ। उसले पनि खोज्दैछ पति खोजेर प्रेम गर्न रूचाउँछे।

३८) परमेश्वर खोज गर्नु हुन्छ उहाँले त्यस्तो प्राणलाई खोज्नुहुन्छ जसलाई उहाँले प्रेम गर्न सकियोस्। अतः उहाँले आफू स्वयंलाई यस पृथ्वीमा एक राम्रो ढुकुर र एक मेम्नाको रूपमा प्रस्तुत गर्नुभयो। यदि त्यो भेंडा एक मिनेटको लागि झगडालू भेंडाहरूको स्वभाव धारण गर्छ भने त्यो ढुकुर तुरून्तै नै उडेर जान्छ।,

३९) तर भेंडा यस्तो हुन्छ कि उसको आफ्नो कुनै समझ हुँदैन। मेम्ना यस्तो जीव हो त्यो हराउन सक्छ र ऊ आशाहीन बन्न पुग्छ। भेंडाले पुनः आफ्नो मार्ग खोज्न सक्दैन। त्यसैकारण बाखाले त्यसलाई बधशाला पुराइदिन्छ। एक भेंडा जो हराएको हुन्छ उसले आफ्नो मार्ग खोज्न सक्दैन। जब हामी हराएको हुन्छौं हराई जानेछौं कुनै त्यस्तो तरिका हुँदैन कि उसले स्वयंलाई खोज्न सकास्। केवल एक तरीका मात्रै हुन्छ कि हामीले आफूलाई झुण्ड चराउने गोठालालाई समर्पित गर्नुपर्छ र उसैले मार्ग दर्शन गराउँछ।

४०) अब ध्यान दिनोस् जस्तो कि यो मेम्ना र भेडा एक साथ हुन्छ ....जब मेम्ना र ढुकुर एक साथ भए तिनीहरू एकै भए। ध्यान दिनोस्, कसरी ढुकुरले मेम्नालाई अर्थात परमेश्वरको पुत्रलाई मार्गदर्शन गराउँदछ। त्यो कति सिधा थियो उसलाई थाहा थियो कि उ मर्न जाँदै छ। उ कति सिधा थियो कि उसले आफैलाई शक्तिशाली बनाउन चाहेन। उसल` भनेको थियो "म केही गर्दिन जबसम्म मेरो

पिताले मलाई देखाउनु हुन्न, पिता ममा बास बस्नु हुन्छ।"

४१) अब हेरौं मेम्नाको विषयमा अर्को कुरा पनि छ मेम्ना आफ्नो अधिकारी समक्ष समर्पित हुन इच्छुक हुन्छ। हेर्नोस्, परमेश्वर हामीसँग चाहनुहुन्छ कि हामी मेम्ना जस्तै होऔं। तर धेरै पटक हामी अधिकारी समक्ष समर्पित हुँदैनौं हामी आफ्ना अधिकारलाई हानी पुराउन चाहँदैनौं तपाईहरूमध्ये धेरैले भन्छन "भाइ ब्रान्हाम, म सँग अधिकार छ।" यो ठीक छ तर के तपाईं आफ्नो अधिकारलाई त्याग्न तयार हुनुहुन्छ ? के तपाईं आफ्ना अधिकार छोड्न तयार हुनुहुन्छ ? कि परमेश्वर तपाईंलाई नेतृत्व गर्न चाहनुहुन्छ। ठीक यही कुरा आज हाम्रा मण्डलीहरूको धेरै मानिसमा पाइन्छ। परमेश्वरको मेम्नामा जो सज्जनता छ हामी मेम्ना बन्नुपर्छ। हामी अरू सबै बनिएका थियौं तर मेम्ना बन्न बाँकी छ। यही कारण हो कि जस्तै हामी उक्त दृष्टिकोणलाई अपनाउँदैनौं त्यो पवित्र आत्माको ढुकुर उडेर हामीलाई छोडेर जान्छ।

४२) यदि परमेश्वरको मेम्ना जस्तो बनिएको होस् कि उसमा चलाकिपना वा मेम्नाको स्वाभाव विपरित हुन्छ भने तव त्यो ढुकुर उसमा रहँदैन उडेर गइहाल्छ। त्यसले छाडेर गईहाल्छ।

४३) आज यसैकारण हो कि हामी छक्क पर्छौं कि "पेन्टिकोस्तल मण्डलीसँग के भइरहेको छ ? यस्तो यस कारण भइरहेको छ किनकि हामीले भीन्न प्रकृति अपनाएका छौं। हामीले त्यस्तो प्रकृति धारण गरेका छौं " हामीलाई आफ्नो अधिकार चाहिएको छ। हामी त्यो गर्छौं जो हामीलाई गर्न उचित लाग्छ।"। हामी अभिमानी (आफूलाई ठूलो मान्ने) बनिएका छौं। हामी क्रोधी भएका छौं। हामी कठोर (रूखो) बनिएका छौं। हामी रिसलाई भीत्रआउन दिन्छौं हामी स्वार्थी भएका छौं।

४४) एक मेम्ना जब समय आउँछ ......... उ स्वयं आफ्नो ऊनको मालिक हो जो उसको अधिकार हो। आफ्नो ऊन माथि उसको अधिकार भएतापनि मेम्नालाई लगेर ऊन कतर्ने काम गरिन्छ उसको खुट्टा बाँधेर राखिन्छ उसले झगडा गर्दैन। तपाईंले त्यसको अधिकार खोस्नु हुन्छ किनकि उ एक मेम्ना हो। उसले केही गर्न सक्दैन किनकि त्यसको प्रकृति नै त्यस्तो हुन्छ। तर एक पटक कुनै विश्वासी मार्गबाट निस्कन्छ तब तपाईंले थाहा पाउनुहुन्छ कि उ मेम्ना हो अथवा बाखा हो। उसलाई एक पटक कुनै बाटोमा लग्दा नै थाहा पाइहाल्नुहुन्छ ऊ के हो भनेर। आज यही कारण हो हामीहरूको तथाकथित मण्डली त्यही स्थितिमा छ त्यसमा रहिरहेका छन्।

४५) हामीले स्वयंलाई परमेश्वरको मेम्ना भनेका छैनौं। स्त्री तथा पुरूष मिलेर अरू सबै गर्न थालेका छन् र तर तपाईं सडकतिर जाँदै गरेको र गलामा लकेट लगाएको कपाल काटेर छोटो पोकि कपाल घुमाएको देख्नु हुन्छ। केही वर्ष पहिले ..... तिनीहरूलाई त्यसो गर्न भाडामा लिनुपर्ने थिएन। फेरि तपाईं आश्चर्य गर्नु हुन्छ कि यस्तो

किन मण्डली त्यस्तो स्थितिमा छ। यसकारण हो कि तपाईं आफूलाई नम्र तुल्याउनुको वदला वाखाको जस्तो स्वभाव धारण गर्नु भएको छ। र तपाईं भन्नुहुन्छ कि भाई ब्रान्हाम त्यो ता मेरो स्वअधिकार हो। म जान्दछु कि त्यो तपाईंको विशेषाधिकार हो। तपाईं भन्नुहुन्छ "हजमले कपाल काट्छ जबसम्म हजमले कपाल काट्छ के मलाई कपाल काट्ने अधिकार छैन ? यो साँचो हो यो तपाईंको अमेरिकी अधिकार हो। तर तपाईं एक मेम्ना बन्नको लागि स्वअधिकार प्रयोग गर्न चाहनुहुन्छ ? के तपाईं स्वयंलाई समर्पित गर्न तयार हुनुहुन्छ ?

४६) तिमी स्त्रीहरू धेरै समय भएकै छैन जब तिमीहरू सडकतिर गएका थियौ ..... आज जुनप्रकारले स्त्रीहरूले लुगा पहिरिन्छन् त्यसलाई हेर्नु भयङ्कर हुन्छ।मैले प्रेसविटरियन स्त्री वा मेथोडिस्ट स्त्रीहरूलाई मात्र भनिरहेको हुइन मैले ता होलिनेश स्त्रीहरूको बारेमा भनिरहेको छु। त्यो सडकतिर गई र यस्तो थियो .......... ।

४७) मैले आफ्नो कारको अगाडि एउटा क्रुस लडकाएको छु र कसैले मलाई सोध्यो "विल्ली, के तिमीलाई थाहा छ यो क्याथोलिक चिन्ह हो ?"

४८) मैले भने " क्याथोलिकलाई कहिले क्रुसमा अधिकार मिलेको थियो ?" कहिले पनि छैन। त्यो क्याथोलिक विश्वासको चिन्ह होइन त्यो ता राष्ट्रिय विस्वासका चिन्ह हो। क्याथोलिक विस्वास ता मरेका सन्त, मरियमका त्यस्तै मृत व्यक्तिमाथि छ जसलाई उनीहरू उपासना गर्छन्। हामी मरेकाहरूको लागि उपासना गर्दैनौं। हामी सन्त सिससिलया तथा अरू कतिपय सन्तहरूको उपासना गर्दैनौं। त्यो क्याथोलिकवाद हो जो

आत्मिकवादको उच्च रूप हो। तर क्रुस ता त्यो कुरा देखाउँछ कि जो मरेर पुनः वौरी उठ्यो।

४९) अनि मैले भनें "म त्यसलाई लगाई राख्ने छु जबकि म सडकमा देखिरहेको छु। २५।३० वर्ष पहिले जब म अन्धा जस्तै भएको थिएँ तब परमेश्वसँग प्रतिज्ञा गरेको थिएँ यदि उहाँले आँखा चंगा गर्नुहुन्छ भने म केवल ठिक वस्तुमा मात्र आँखा लगाउने छु।" र मैले भने " जहाँ तपाई आफ्नो दृष्टि लगाउनु हुन्छ त्यही यति धेरै अनैतिकता देख्नु हुन्छ स्त्रीहरू अर्ध लुगा लगाएर नग्न प्रायः अवस्थामा मैदान र सबै ठाउँमा देखिन्छन्। म तिनीहरूलाई हेर्नुको सट्टा क्रसमा दृष्टि लगाउँदछु। अनि म स्मरण गर्छु कि महिसले मेरो लागि के गरेको थियो र म ति वस्तुहरूवाट आफ्नो शिर छुपाउने गर्छु ............ जो शैतानको हो।"।

हालेलुयाह !

५०) केही व्यक्तिहरूले तिनीहरू कैथोलिक वा प्रेसविटीरियन भन्दैनन्। तर तिनीहरू पेन्टिकोस्टल हुन्। आमीन तपाईं भन्नुहुन्छ " भाइ ब्रान्हाम मसँग अधिकार छ। " यो साँचो कुरो हो, तर तपाईं मेम्ना भए तपाईं आफ्नो अधिकारको नोक्सानी व्योहोर्नु हुने थियो। तर जव तपाईं त्यस प्रकारको व्यवाहार गर्नुहुन्छ भने पवित्र आत्मा अर्थात् त्यो सोझो ढुकुर उडेर टाढा जान्छ। उ तपाईंसँग निन्दित हुँदैन । होइन, होइन, तपाईंले कहिल्यै पनि त्यस्तो नसोच्नुहोस् त्यस्तो व्यवहार पनि गर्ने र पवित्र-आत्मा पनि रहने दिने तपाईंले दुवै गर्न सक्नुहुनेछैन। बाइबलले यस्तै भन्दछ। तपाईंले आफ्नो ........ हानी उठाउनु पर्छ ............ तपाईं जहाँ भए पनि बाँकी स्त्रीहरूले त्यस्तै गर्दैछन्।

५१) तिमी अभागी, तुच्छ, निर्लज्ज, हड्डीरहित पुरूष तिमी आफ्नो पत्नीलाई त्यस्तो गर्न दिइरहेका छौ जो तिमीहरूले प्रदर्शित गरेका हुन् के ले बनेको छ। यसैकारण तिमीहरूले पवित्र-आत्मा पाइरहेका छैनौं जस्तो तिमीहरू ढोग रच्ने काम मात्रै गर्छौ तिमीहरूसँग प्रशस्त चीज छैन जब सम्म त्यो तिमीहरूसँग हुन्छ जसरी भएपनि एक शिष्ट स्त्री बनाउन सकिन्छ। आमिन ! त्यो पुरानो फेशनको कटिंग जस्तै लाग्छ। तर यहि हो कि जो आज मण्डलीका आवश्यकता । पवित्र-आत्माद्वारा धोइरहेको छ सुकाउने गरेको छ र आइरन लगाई रहेको छ।

५२) संसार कस्तो अवस्थामा आएको छ। कसरी तिनीहरू बाहिर सडकमा उत्रेर ती सबै क्रियाकलाप गरिरहेका छन्। कसरी तिनीहरू बुधवार रात्री चर्चमा जानुको सट्टा टेलिभिजनमा देखिन्छन्। कसरी तिमीहरू त्यो गर्छौ। किन देशमा कुनै पनि बच्चा छैन जो ............... यी सब कुरा जान्दछन्। डेविड क्रोकेट को हो। त्यो अभद, असत्य जसले भन्दछ उसले तीन वर्ष पहिले एक भालुलाई मारेको थियो। तपाईंलाई थाहै छ कि त्यो झुठ हो तर त्यस्ता व्यर्थका कुराले तपाईंका नानीहरूलाई कलिलो दिमागमा भर्न दिनुहुन्छ। सयमा १ जना पनि येशू मसीहको बारेमा जान्ने भए हुने थियो। यसकारण यस्तो भइरहेको छ कि संसार अत्याधिक दुषित भइसकेको छ। यो राष्ट्र अत्याधिक हासेर उडाउने भएको छ परमेश्वरबाट धेरै टाढा भएकोले पवित्र आत्मालाई पनि धक्का पुराइरहेको छन्।

५३) तपाईं भन्नुहुन्छ " म चर्च जान्छु र कराउने गर्छु।" हुनसक्छ तपाईंले त्यस्तो गर्नुभएको तर जबसम्म त्यो सोझो नम्र परमेश्वरको मेम्ना तपाईंको हृदयमा हुँदैन

भन्ने र आफ्नो जीवनलाई शुद्ध गर्नु भएन भने र एक फरक व्यक्तिको रूपमा बन्नु भएन भने केवल विश्वासी जस्तै नक्कल गरेर मात्र तपाईंलाई लाभ हुने छैन ।

५४) धेरै समय भएको छैन । जब म यहाँ कुनै एउटा घरमा विमारीलाई हेर्न लगाएको थिएँ । त्यहाँ एक महिला बसेकि थिइन त्यहाँ ओस्वाल्ड भीत्र आए उसले टोपी लगाएको थियो र उसले भन्यो "आमा, बेलुकिको खाना के खाने ?"

५५) उनले भनिन " हेर अहिले रात्रीको भोजन तयार गर्न समय छैन अतः तिम्रो लागि सैन्डविच तयार गर्दै छु । त्यहाँ केही सुन्तला राखिएको छ ।

५६) त्यो त्यहाँ गएर एउटा सुन्तला लियो र त्यसलाई हेर्‍यो र भीत्तामा कस्सेर हिर्कायो र त्यो सुन्तलाको रस भित्ताभरी भयो र उसले भन्यो " यदि यहाँ यस्तै कुरा मात्र छन् भने म बाहिर जान्छु ।" उसले यस्तै व्यवहार गर्‍यो ।

५७) मैले सोचें " हे परमेश्वर उ मेरो लागि लगभग ५ मिनेटको लागि हुनुपर्छ" केटा, जसको भित्र छिपेको कुरा थियो मैले उसलाई हल्लाए र उसले हल्लाएको पनि थाहा पाएको थिएन । तर उ बच्चा जस्तै त्यहाँ थियो । उसलाई पुरानो लुगाको दिइने जस्तै कुराको आवश्यकता थियो त्यही हो जो आज हामीलाई आवश्यकता छ कि हामीसँग फेरिपनि पुरानै फेशनको घर होस् र कुनै त्यस्तो प्रचारक होस् प्रचार मंच (पुलपिट) मा खडा भएर सत्य प्रचार गरियोस् र यो सत्यलाई जहाँ हुनुपर्ने थियो त्यहिं राखियोस् । अमिन । यो साँचो हो मेरो परमेश्वर ।

५८) सानी मेरिले आफ्नो खुट्टाहरू थरथर कमाई नाकको प्वाल फुलाई र गुलाबी गाला हावामा चलाई (जो मक्स फैक्टरको व्यर्थको रंगले सिंगारिएको थियो) र आफ्नो

टाउको थोरै माथि उठाई र घरबाट बाहिर निस्कि। कस्तो

अपमान। कति अनाज्ञाकारी बच्चा भएका हुन्। बाइबलले भन्दछ तिनीहरू त्यस्तै हुन्छन्। बचनले त्यस्तै हुनेछन् भनेको छ। कस्तो आचरण तिनीहरूले गर्छन् कस्तो व्यवहार गर्छन् र आज संसारमा जे जस्ता क्रियाकलाप भइरहेका छन् किनकि मानिसहरूले पवित्र आत्मालाई दुःखित पारेका छन्।

५९) केही वर्ष पहिले ........ अब म केही दिनमा नै पहिलो पटक अमेरिकामा पवित्र आत्मा उतरिएको खुसी मनाइहरेको हुनेछु। पचास वर्ष पहिलो पुरानो अजोसा स्ट्रीटको सभामा, एक पेन्टिकोस्तल सभामा, लस एन्जेल्सको सभामा जब मानिसहरू एकसाथ भेला भएका थिए त्यहाँ पहिलो पटक पवित्र आत्मा आएको थियो। जब महिस तिनीहरू मध्येबाट तल आए तिनी धेरै सज्जन थिए शान्त थिए। त्यो ईश्वरिय जीवन (असल जीवन) जिउँदथे। उनले त्यागी जीवन बिताएका थिए। उनी आफूलाई दिन इच्छुक थिए। उनी पवित्र आत्माले चलाए बमोजिम चल्न इच्छुक थिउ। मानिसहरूले उनलाई "पुरानै फेशनको मानिस" भने। चाहे उनलाई मानिसहरूले "सनकी" भने या जे सुकै भनुन् उ ता पवित्र आत्माले चलाए बमोजिम इच्छुक थिए।

६०) तर आज, हे परमेश्वर स्त्रीहरू पाउडर पोतेर सृङ्गार गरेर छोटा लुगा लगाएर बाहिर सडकमा पाइन्छन् यो कित असोभनिय कुरा हो। र उनीहरू आफूलाई "पवित्र आत्माबाट परिपूर्ण" भन्छन्। तपाईं भन्नुहुन्छ "तर म ता अन्य भाषा बोल्छु "। हो शैतानले पनि त्यस्तै गर्छ । तपाईं भन्नुहुन्छ "म रूने कराउने गर्छु।" शैतानले पनि गर्छ। शैतानले प्रेम बाहेक सबै कुरा गर्न तयार छ। जो

परमेश्वरसँग छ त्यो प्रेम हो र प्रेमको नक्कल शैतानले गर्न सक्दैन । त्यस्तै हो ।

६१) फेरि, पहिलो कुरा जो तपाईं जान्नुहुन्छ जब तपाईं ति क्रियाकलाप गर्न शुरू गर्नुहुन्छ तब तपाईं सम्झौता गर्न शुरू गर्नुहुन्छ र तपाईंको चर्चभित्र खीचातानी शुरू हुन थाल्ने छ र गुटबन्दी हुन थाल्छ र कुनै एक जनाले भन्छ "पहिलो कुरा तपाईं जान्नुहुन्छ तपाई ति कुराहरूमा कान लगाउनु हुन्छ । यही कारण हो कि तपाईहरूसँग धेरै समस्या छन् । यसकारण कि तिमीहरूले शैतनको कुरा सुन्न थाल्यौ । तिमी सज्जन ढुकुर अर्थात् पवित्र आत्मा जो परमेश्वरको ढुकुर हो जसले अगुवाई गर्छ मार्गदर्शन दिन्छ प्रेम गर्छ र तिमीलाई आर्शिवाद गर्छ त्यसलाई सुन्नुको बदला झगडा गर्ने हुनथाल्ने छौ ।

६२) जब शुरू शुरूमा तिमीमा क्रोध आउन थाल्छ । तिमीभित्र भएको ढुकुर तिमीलाई छाडेर जान्छ । त्यही हो साँचो कुरा । त्यो तपाईंसँग बस्न सक्दैन । त्यसको स्वाभाव भीन्न छ । त्यो कदापी रहन सक्दैन । जब तपाईं आफ्नाहरूको विषयमा कुरा गर्नजानुहुन्छ त्यो त्यसले सहदैन त्यो त्यहाँ बस्न सक्दैन । त्यो आफ्नो उडान भई र टाढा जान्छ । त्यसैले धेरै सहन सक्दैन । ढुकुर सज्जन छ । ढुकुर नम्र छ र ढुकुर आफ्नो स्वभाव भन्दा फरक स्वभाव भएको सँग रहन सक्दैन ।

६३) अब हेर्नोस्, परमेश्वरले मात्रै तपाईंलाई भीन्न स्वभावको स्त्री वा पुरूष बनाउन सक्नु हुन्छ । उहाँले मात्रै तपाईंलाई भिन्न प्रकृति दिन सक्नु हुन्छ । तपाई भन्नुहुन्छ "भाई ब्रान्हाम, हामी यो विषयमा के गर्न सक्छौं ? " तपाईं फेरि मेम्ना बन्नुहोस् । यि दुई प्राणीहरू एक अर्कामा मिल्न सक्छन् । ढुकुर तथा मेम्ना (भेडा), ढुकुर मेम्ना बाहेक अरू कतै आउँदैन । यदि तपाईं बाखा बन्नु

भएको छ भने त्यो बाखा स्वभावको पुरानो आत्मालाई अगल गरिदिनुहोस् । यो ठीक कुरा हो । यदि तपाईं केही बन्नु भएको छ भने तपाईं त्यसबाट अलग बन्नोस । यदि तपाईं गफाडी बन्न थाल्नु भएको छ भने त्यसबाट अलग रहनुहोस् ।

६४) कुनै शहरमा मैले सक्दो जोडसँग प्रचार गरे जहाँ हजारौं मानिस भेला भएका थिए । मेले मानिसहरूलाई बेदिमा बोलाए । मैले सोचे कि सबै पापलाई ढाकि दिए जसका बारेमा मैले सोच्ने गर्थें । त्यही रात सभा सकिनेसाथ एक नाजुक स्त्री म भएतिर आई र भनी "भाइ ब्रान्हाम म निश्चित छु कि आज राति मलाई तिमीले स्पर्श गरेनौ " । मैले सोचें " उसले एक सच्चा विश्वासी हुनुपर्छ " । उसले भनी "आज राति तपाईंले मलाई स्पर्श गर्नु भएन ।"

६५) मैले भने "ठिक छ, म यो सुनेर आनन्दित छु तिमी परमेश्वरको राज्यको निकट हुनुपर्छ । " र त्यो त्यहाँबाट उठी ।

६६) र त्यहाँ अर्की स्त्री उभिइरहेकी थिइ मैले उसलाई भनें " भन के तिमी त्यो, स्त्रीलाई जादछौ ?" । उसले भनी "हो जान्दछु ।" ।

अनि मैले भनें "उ एक सच्चा विश्वासी बन्नु पर्छ " ।

६७) त्यो आइमाइले भनी " भाइ ब्रान्हाम तपाईले एउटा कुरा जान्न सक्नुभएन त्यो एउटी गफाडी थिई, त्यो यो देशकै एउटी गफाडि हो तपाईं त्यसलाई गफाडि नै भेट्टाउनुहुन्छ ।

६८) त जब तपाईं यी सभाहरू मध्ये कुनै एक सभामा आउनुहुन्छ त्यसको उसलाई केही मतलब हुँदैन प्रचारक ले त्यो कुरालाई थाहा गर्नुहुन्छ कि हुन्न जबसम्म तपाईं

यी सांसारिक कुरालाई देख्नुहुन्छ जबसम्म तपाईं ती कुरा सहनुहुन्छ तपाईं परमेश्वरबाट टाढा हुनुहुन्छ। तपाई परमेश्वरबाट टाढा हुनुहुन्छ र पवित्र आत्मा तपाईंबाट टाढा हुन्छ। यसैकारण अब त्यस्तो सभा हुँदैन जो पहिले हुने गर्थ्यौं। देशभरमा हुने गरेकासभाहरू अब हुँदैनन्, किनकि त्यस्ता सभाले परमेश्वरको सोझो ढुकुर शोकित हुन्छ। यस्तै भएको छ। जबसम्म हामी अति उदासीन हुन्छौं। भित्रभित्र नराम्रो गरिरहन्छौं तबसम्म त्यो हाम्रो साथमा रहँदैन।

६९) अब म यो चाहन्छु कि तपाईं यो कुरामा ध्यान दिनुहोस् मेम्ना एक शान्त पशु हो। बाइबलले भन्छ "त्यसले आफ्नो मुख खोलेन भने त्यो चुपचाप खडा रह्यो जस्तो कि भेडा उन कतरनेवालाको सामु चुपचाप रहन्छ।"। त्यसले आफ्नो मुख खोलेन। त्यो कुनै अधिकार खोज्ने व्यक्ति थिएन। थिएन , श्रीमान। त्यो आफ्नो अधिकारको नोक्सानी व्यहोर्न तयार थियो। त्यो एक शान्त मनुष्य थियो।

७०) हे मेरा परमेश्वर , आज म कति भिन्न छु, मानिसहरू भन्छन् " म तिमीलाई भन्छु मलाई केही भन्न दिनोस म त्यहाँ गएर त्यसलाई पकड्ने छु र त्यसलाई अलग लैजान्छु। जब म त्यो पुरानो पाखण्डीलाई देख्दछु म त्यसलाई बताउने छु। तिमी केवल प्रतिक्षा गर जबसम्म मैले उसलाई भेट्टाउँदिन। परमेश्वर धन्य हुन्, हालेलूयाह हूँ - हूँ र "यस्तैमा एक ढुकुर उडेर जान्छ र टाढा जान्छ। यो साँचो हो। जब तपाईं यीकुराको अनुभव गर्नुहुन्छ पवित्र आत्मा तपाईंसँग अरू रहनु हुँदैन। अब तपाईं यो कुरालाई आफ्नो पुस्तकमा लेख्नोस् यस्तो अवस्थामा त्यो कदापि तपाईंसँग रहँदैन। पवित्र आत्मा त्यस्तो ठाउँमा रहँदैन जहाँ त्यसप्रकारको पाखण्डी आत्मा

हुन्छ। त्यहाँ त मेम्नाको आत्मा हुन आवश्यक छ। सिधा सोझो आत्मा हुन आवश्यक छ जहाँ पवित्र आत्मा रहन सक्छ होइन भनेकसैसँग रहँदैन यो विषयमा यति नै हेरौं यदि ऊ सज्जन र नम्र आत्मा होइन भने पवित्र आत्मा त्यसलाई मार्गदर्शन गर्दैन। र यदि त्यस्तै फेरि आयो भने त्यसले ध्यानै दिँदैन त्यो ता टाढा जान्छ। बुझ्नु भो, जुन समय ऊ तपाईंबाट टाढा जान्छ त्यही समय तपाईंले थाहा गर्नुहुनेछ। अलिकति टाढा गए पनि तपाईंले थाहा पाउनु हुन्छ।

७१) तपाईंले थाहा पाउनुभयो जब कुनै व्यक्ति एक मिनेट पनि पवित्र आत्मात्रबाट अलग रहनु भयो भने उसको शुरूवात हुन्छ के तपाईंले बुझ्नु भयो ? बाइबलले यस्तै भन्छ। हव्वा शैतानले के सुनाउला भनेर एक मिनेटको लागि अलग भएकी थिई र शैतानले उसको सामुन्य कति सुन्दर तस्विर देखायो र त्यसले सोचि त्यो नै सत्य हो र उ त्यसलाई हेर्नको लागि मोडिएकी थिई।

७२) एउटा कुरा शैतानले चाहन्छ कि तपाईं एक क्षणको लागि अलिकति अलग हुनुहोस्। त्यो तस्विरले तपाईंलाई बताउँछ "यहाँ हेर, भाइ तपाईं जान्नु हुन्छ बहिनी तपाईं जान्नुहुन्छ। यदि ती राम्रा मानिस हुन्थे भने तिनीहरूले त्यस्तो गर्दैन थिए। यदि उनीहरूले ठीक गरेका भए तिनीहरूले त्यसलाई जान्ने थियौ।" त्यसले तपाईंलाई साँचो जस्तो बनाउँछ र तपाईंलाई हो भन्ने तुल्याउँछ। स्मरण गर्नोस त्यो शैतान नै हो।

७३) म त्यसको परवाह गर्दिन कि त्यो कति गिरेको छ ऊ तपाईंबट कति टाढा गएर रोकिएको हुन्छ यो तपाईंको कर्तव्य हो कि तपाईं उसलाई चौतर्फी अंगालोमा हाल्नोस उसलाई परमेश्वरको प्रेमद्वारा माथि उठाउनोस्। तपाईंलाई शैतानले कहाँ पुराएको थियो ........... र अब

परमेश्वरले तपाईंलाई त्यो नराम्रो अवस्थाबाट निकाल्नु भयो ? मेरा मित्र, तपाईंको कर्तव्य यहि हो । यो संसार थोरै मात्र प्रेमको लागि मरिरहेको छ ।

७४) म तपाईंको ध्यान यी साना पशुमा लगाउन चाहन्छु कि त्यो एक शान्त मेम्ना थियो । किनकि उसले गरेको होइन ....... जब त्यसलाई गाली निन्दा गरियो उसले पनि गाली बेइज्जति गरेन उसले चारैतिर बदलाको कुरा गरेन उसले झगडा गरेन रिसाएर केही गरेन उसले त्यस्तो केही गरेको थिएन । जब कसैले ..... उसलाई गाली गरे उसले त्यसको बदलामा गाली गरेन उसले आफ्नो मुख खोलेन ।

७५) तर तपाईं मलाई कसैले केही भनिदियो भने (ओह, मेरो परमेश्वर !) हामी त्यसको विरूद्ध खनिएर जाई लाग्छौं म तिमीलाई अहिले नै बताउँछु, मेरो अगाडि त्यसले पाइला टेक्यो म त्यो पुरानो चर्चमा कदापि जाँदिन । त्यस्तो नहोस श्रीमान, परमेश्वर धन्य होउन । हालेलूयाह ! मलाई नाजरीन मण्डलीका मानिसहरूले ग्रहण गर्छन्, मलाई पिलग्रिम अफ होलीनेशका मानिसहरूले स्वीकार्छन हालेलूयाह ! हामी अरू त्यो चर्चमा जाँदैनौं ।" ठीक छ ढुकुर उडेर गइहाल्छ ।

७६) "तपाईंलाई के थाहा छ ? यदि त्यो पुरानो पाखण्डी मण्डलीमा जान्छ भने म त्यो मण्डलीमा जाँदिन ।" परमेश्वर धन्य होउन म यस्तो कदापि गर्दिन ।" जब तपाईंलाई त्यो कुराले स्पर्श गर्छ जब त्यो पुरानो झगडालु भेडाले तपाईंलाई स्पर्श गर्छ ढुकुर उडेर जान्छ । यो साँचो हो । तव पवित्र आत्मा तपाईंलाई छाडेर जान्छ ।

७७) .फेरि तपाईंलाई हैरानी हुन्छ कि तपाईंमा के गडबडि छ ? तपाईंलाई दु:ख हुन्छ मण्डलीमा के गडबडि छ। तपाईंलाई किन जित हुँदैन जस्तो पहिले हुनेगर्थ्यौ। किनकि तपाईंले आफ्नो स्वाभाव बदल्नुभएको छ। तपाईं भेडा बन्नुको सट्टा बाखा बन्नुभएको छ। तपाईं मेम्नेको सट्टा अरूनै केही बन्नुभएको छ।

७८) तपाईंलाई त्यस्तो विशुद्ध नम्र आत्माको खाँचो छ र तपाईं भन्नुहुन्छ "जहाँ पनि म जान्छु पवित्र आत्माले मेरो अगुवायी गर्नु भएको होस्। परमेश्वर म प्रत्येक पापीलाई प्रेम गर्न सकूँ ! मलाई केही मतलब छैन कि त्यो जहाँकहिँ किन नहोस्।" जब यस्तो विचार मानिसभित्र हुन्छ तव तपाईं केही हुँदै गरेको थाहा पाउनुहुनेछ।

७९) तपाईं भन्नुहुन्छ "भाइ ब्रान्हाम के यसको कुनै समाधान छ ? छ, तपाईं एक मेम्ना बन्नुहोस् त्यही नै यसको समाधान हो।तपाईं भन्नुहुन्छ "ठीक छ भाइ ब्रान्हाम।"

८०) कुनै अर्को दिन मैले शिवापोर्टमा एक युवतीलाई भेटेको थिएँ। जब सभा समाप्त भएको थियो तव म र बिल्ली सैंडविच लिनको लागि बाहिर गएको थिएँ। एक सुन्दर युवतीभित्र आई त्यो सम्भवत: बीस वर्ष जति उमेरकि थिई त्यसले सुदर लुगा लगाएकी थिई। त्यो तल बसी, मैले त्यसलाई हेरिरहें र मैले सैंडविच खाँदै गरें। त्यो स्त्री भीत्र आएको केही बेर पछि त्यसले भनी "तपाईं कस्तो हुनुहुन्छ ? त्यस आइमाइले त्यो केटीसँग कुरा गरी र मलाई थाहा थियो कि त्यो स्त्री डेविस थिई। र त्यो युवतीसँग अर्की स्त्री "लाइफ टेवरनेकल" बाट थिए। म तिनीहरूलाई राम्ररी जान्दथें त्यो त्यहाँ आई र त्यसले मसँग कुरा गरी र गर्छे। जो युवती त्यहाँ बसिरहेकी थिई त्यसले भनी "भाइ ब्रान्हाम, आज रात्रीको सन्देश सारै राम्रो थियो।"

८१) मैले भनें " बहिनी तिमीलाई कस्तो छ ? मैलेभ ने धेरै धेरै धन्यवाद के तपाई लाइफ टैवरनेकलको सदस्य हो ?

८२) उसले भनिन " म हुँ ....... तपाईंलाई थाहा छ, भाइ ब्रान्हाम, म गाउने मण्डलीमा गाउन सक्थें तर त्यहाँ त्यो गर्न दिइएन र म धेरै समय देखि गाउँछु र तालिम पनि पाएको छु धेरै अनुभव छ। म एक्लै गीत गाउने गर्छु, राम्रा राम्रा गीत गाउने गर्छु, तर मैले त्यहाँ गाउन सकिन किनकि त्यहाँ प्रतिबन्ध लगाइयो कि कुनै पनि श्रृंगार गर्ने स्त्रीले मण्डलीमा गाउन सक्दिन भनेर ।

मैले भनें " ठीक छ लाइफ टेवरनेकलको लागि परमेश्वरलाई स्तुति होस् " ।

८३) उसले भनी "ठीक छ भाइ ब्रान्हाम म तपाईलाई भन्दछु कि म एक विश्वासी हुँ ।"

८४) मैले भनें " तव ठीक छ तपाई घर जानोस् र यो अनुहारमा भएको श्रृंगारलाई धुनुहोस् "। मैले भनें के तिम्रो भनाइको अभिप्राय: अनुहारमा लगाएको सबै रहन दिनुपर्दैन ..... ।

८५) र म तपाईंलाई भन्नसक्छु कि यो शैतानबाट आउँदछ। यो म प्रमाणित गर्दछु कि यो सबै उत्पन्न गर्ने मूर्तिपूजक थिए। जबसम्म तपाई यो लगाउनुहुन्छ यो मूर्तिपुजकको एक चिन्ह हो। म हालैमा अफ्रिकाबाट फर्केर आएको छु, म (Hottento) जंगली जातिमा रहेको थिएँ र मैले यस्तै कानको झुम्का त्यहाँ देखेको थिएँ। यस्ता आभुषण त्यतैबाट आउने गर्छन् जो तपाईं कान, गलामा लगाउनु हुन्छ त्यो सबै त्यतैबाट आउँछन्। यो मूर्तिपूजकका वस्तुहरू हुन्। बाइबलले चाहँदैन कि विश्वासीहरू मूर्तिपूजक बनून। तपाईं चाहनुहुन्न होला ......... म यो भन्दिन कि तपाईं मूर्तिपूजक हो किनकि तपाईं त्यस्तो

गर्नु हुन्छ त्यसकारण भन्दैछु। तपाईं आफैंलाई यस्तो बनाइरहनु भएको छ कि तपाईं पनि त्यही मूर्तिपूजक जस्तै देखियोस्। यसकारण यस्तो भएको हो कि तपाईंलाई आफ्नो पास्टरले सत्य भनेको छैन।बाइबलले यस्तै भन्दछ।

८६) र अब तपाईं भन्नुहुन्छ "भाई ब्रान्हाम, म सोच्दछु कि म मेरो कपाल छोटो पारेर काटुँ त्यसो गर्दा मलाई चीसो हुन्छ।"। यो साँचो हो तर यदि तपाईंको लामो कपाल छ त्यसबाट अझ बढी शितलता मिल्छ। तिमी गर्दनबाट माथि उठाएर बाटेर सजिलो पार्न सक्छौ।

८७) किन, के तिमी जान्दछौ कि बाइबलले के भन्दछ " कसैलाई पनि आफ्नो पत्नी छोड्ने र पारपाचुके लिने अधिकार हुन्छ यदि उसले कपाल काट्छे भने। यदि उसले कपाल काट्छे भने त्यसले यहि स्पष्ट गर्छ कि उ पतिप्रति साँचो छैन। बाइबलले त्यस्तै भन्दछ तपाई १ कोरन्थी ११ मा हेर्न सक्नु हुन्छ के यो साँचो होइन। त्यो हो ....... एक स्त्री जो आफ्नो कपाल काट्छे त्यो आफ्नो शिरको अपमान गर्छे जो उसको पति हो। यदि त्यो अपमानजनक छ भने त्यसलाई त्यागेर अलग होओस्। यो ठीक कुरा हो तर हेर्नोस्, तपाईंको पाष्टरले यी कुराहरू बताएका छन्। यसैकारण जस्तो मनलाग्यो तिमी त्यस्तै क्रियाकलाप गर्छौ। र पुरूषहरू ........ बाइबलले भन्दछ ................. ।

८८) धेरै समय भएको छैन कसैले भनेको थियो र लेखेको थियो "भाइ, ब्रान्हाम, यो ब्लाउज जो स्त्रीलाई मिल्छ हामी कठिन पूर्वक धेरै ब्लाउज पाउन सक्छौं के हामी विश्वासी स्त्रीको लागि उचित होला कि हामीले डेकरौन, नाइनल, आदि कपडा लगाउन सक्छौं ? "

८९) मैले भने हेर दिदी बहिनी हो एउटा कुरा छ सत्य तिमीहरू त्यही गर्न सक्छौ यदि तिमीहरू यसप्रकारको लुगा खरिद गर्न सक्दैनौ। तिमीहरूले सिलाई मैशिन बेचेर पनि आफना लागि लुगा तयार पार्छन्। मैले भने "यहि हो जो स्यंमलाई प्रकट गर्दछ। जसरी तिमी काम गर्छौ जसरी तिमी आचरण गर्छौं त्यसले तिमीभित्र के छ भन्ने देखाउँछ।

९०) त्यसैकारण यहाँ झगडा वादविवाद कुरा काट्ने आदि हुने गर्छ मण्डलीमा निन्दा गर्नु कुरा काट्नु आदि मण्डलीमा हुने गर्छ त्यसले मण्डलीलाई फुटाउँछ। यसले देखाउँछ कि शैतान तपाईंभित्र आएको छ र पवित्र आत्माले तपाईंलाई छाडि दिएको छ। अब हेरौं, मलाई थाहा छ तपाईहरू मध्ये कतिजनाले तारकोल जलाएर बाहिर निक्लीरहेका छन् तर त्यस्तै गर्नु पर्थ्यौं। त्यस्तै हुनु पर्थ्यौं। तिनीहरूको लागि भनिएको छ बेढंगसँग र उच्छृङ्खल भएर कुनै काम नगरियोस् तर म ता तपाईंलाई बताउँछु कि समस्या कहाँ छ ? किनकि म ता खडा हुनुपर्छ तपाईंको उत्तर दिनै पर्छ। तपाईं जसरी काम गर्नु हुन्छ जस्तो व्यवहार गर्नु हुन्छ त्यसले तपाईं के हो देखिने छ। यदि तपाईंसँग उहि पुरानो क्रोध छ झट्टै रिसाएर हिंड्नुहुन्छ भने तपाईं त्यस्तै आलोचना, घृणा फैलाउनु हुन्छ व्यर्थ कार्य गर्नुहुन्छ त्यसले देखाउँछ कि ती सब कहाँबाट आएका हुन्।

९१) अब केवल एकमात्र कार्य गर्नु छ तपाई ती कुराहरूलाई त्यहाँबाट बाहिर निकालेर त्यो ढुकुर जो पुनः तपाईंको हृदयमा बास बस्न आउँछ। जब ढुकुर जहाजबाट बाहिर गयो त्यो आफ्नो स्थानबाट बाहिर गएको थियो तर त्यो फर्केर आउँछ र जहाज (नाव) द्वारा खटखटाउँछ जबसम्म नूहले भित्र लिंदैन। पवित्र आत्मा यहाँ छ। पवित्र आत्मा

भीत्र आउन चाहनु हुन्छ। यहि कारण हो कि आज पवित्र आत्मा सदाको लागि छोडेर गएको छैन। त्यो बाहिर कुनै वृक्षको हाँगामा बसेको छ र फेरि उ फर्केर आउन शान्ति आनन्द दिन तपाईं भीत्र आउन चाहन्छ। निश्चय यस्तै हो। त्यो त्यस्तै गर्न चाहन्छ। तर तपाईं त्यस्तो गर्नलाई दिनुहुन्न।

९२) अब म तिमीहरूलाई पराइ ठानेर भनिरहेको छैन मलाई थाहा छैन कि तिमीहरूका पाष्टर..... मैले ब्रान्हाम टैवरनेकलबाट भनिरहेको छु। मैले बाहिरका अन्य मण्डलीकाहरूलाई भनिरहेको छैन मैले ब्रान्हाम आराधनालयसँग भनिरहेको छु। यही गडबड छ जो वरीपरि पाउने गरिन्छ।

९३) यही कारण ढुकुर उडेर जान्छ। तपाईं कुनै मण्डलीमा गएर स-साना कुरा भन्न थाल्नुहुन्छ पहिलो कुरा यो हो कि मानिसहरू भन्छन् " के यस्तो हो ? के भएको थियो ? के तिमीहरूको अभिप्राय त्यो होइन ? ठिक तुरून्तै पवित्र आत्मा हिडीदिन्छ। यस्तो आत्मामा त्यो रहँदैन। जब मेम्नाको स्वभावले तपाईंलाई छाड्छ पवित्र आत्माले पनि तपाईलाई छाड्छ। यो साँचो कुरा हो। र आज यही कुरा भइरहेछ। यसैकारण हो कि तपाईहरू त्यो अवस्थामा त्यो छ यो त्यस कारण भएको छ किनकि आफ्नो हृदयभीत्र आफ्नो जीवन भीत्र गलत आत्मा आउन दिन्छन्। अब त्यसैकारण हो कि हामीले पाएका छौं ............. ।

९४) बाइबलले भन्छ कि यही कारण हो कि हामीहरू मध्ये धेरै विमार रोगी छौं यो सबै तिनैकुराले गर्दा भएको हो। हामी सोझो हुनुपर्छ। हामी मेम्ना हुन आवश्यक छ ताकि ढुकुर हामीसँग रहन सकोस।

९५)	अब स्मरण राख्नोस तव ढुकुर आउँछ। कोही भन्छन् "भाइ ब्रान्हाम, मलाई नबताउनोस कि मैले कहिल्यै पवित्र आत्मा पाएको छैन। हालेलूयाह ! त्यहाँ तल कुनै राति जब त्यो भित्र आउँदछ तब म हिंड्न सके ....।" निश्चय नै त्यो उही थियो। मैले राम्रो अनुभव गरे मैले अनुभव गरें कि मैले वृक्षबाट हेरेका चराहरू लिएर प्रेम गर्न सक्दछु। मैले यो अनुभव गरें कि मानौं म ति दुष्ट मानिसहरू जसले मेरो खरावी गरेको थिए चारै तर्फ म आफ्नो अंगालो उठाएर प्रेमपूर्वक गला लगाउन सक्दछु। भाइ ब्रान्हाम, मैले कस्तो अनुभव गरेको थिएँ। निश्चय त्यो पवित्र आत्मा नै थियो।

९६)	तर तपाईं त्यो कारण हेर्नोस कि त्यो तपाईंमा किन बनेर रहन सकने भेन्ने बन्नुको सट्टा भेडाहरू बन्नु भएकोले हो तव त्यो उडेर गइहाल्छ। ढुकुरमा कुनै गडबडी छैन त्यो त तपाईंमा छ जब तपाईं त्यो आत्मालाई आफूमा आउनदिनु हुन्छ तव त्यो ढुकुर तपाईंलाई छोडेर जान्छ। तपाईं भन्नुहुन्छ "भाइ ब्रान्हाम, के मैले त्यसलाई मभित्र आउन दिएको थिएँ ? " हो जब तपाईंले ति मानिसका गफ सुन्न जानु भयो जब तपाईंले त्यो झुठालाई सुन्नुभो,जब तपाईंले भन्न थाल्नु भो "म सँग अधिकार छ " तब तपाईंले उसलाई आफूभित्र आउन दिनु भो।

९७)	तपाईंसँग कुनै अधिकार छैन तपाईंलाई दामतिरेर किनेको हो त्यो दाम परमेश्वरको पुत्रबाट बढाइएको रगत नै हो। तपाइसँग कुनै वैधानिक अधिकार छैन। हालेलूयाह ! तपाईंसँग केवल अधिकार छ कि तपाईं यो रगतबाट इमानुयलको परिपूर्ण मुहानमा आउनुहुन्छ जहाँ पापी आफ्ना पापको धब्बाबाट मुक्त हुन्छन्। हो श्रीमान तपाईंसँग केवल एकमात्र अधिकार छ तपाईं आफ्नो स्वेच्छापूर्वक परमेश्वरको आत्मामा समर्पित गरिदिएर तव

परमेश्वरले तपाईंलाई अनुयायी गर्नुहुन्छ । यो सभा उसैले उत्पन्न गरको हो ........ उसैले अनेकौं विचित्रका घटनाहरू आत्माले गर्दछ । पवित्र आत्मा कुनै स्थानमा जान्छ र पवित्र आत्माले भन्दछ "यो ठीक छैन । सभा रोक र यहाँबट अगाडि हिंड । भाइ म पनि यसलाई बन्द गरिदिन्छु र अगाडि बढ्नेछु । यो साँचो कुरा हो, किनकि तपाईं परमेश्वरको आत्माको नेतृत्वमा चल्नुपर्छ । अनि एकमात्र तरिका छ कि परमेश्वरको आत्माको नेतृत्वमा चल्ने र सज्जन भएर रहने र धेरै कुरातिर विचार नगर्ने ।

९८) तपाईं सोच्नुहुन्छ "म सबैकुरा जान्दछु ।" हो, तपाईंले आफ्नो मस्तिष्कलाई पुरा काममा लगाउनुभयो र तपाईं कै लागि काम गर्न नसक्ने भइसकेको छ । तपाईंले सबै पुस्तकहरू र सबै उत्तर र सारा युनानी हिब्रु जान्नुभयो र तपाईंसँग कुनै स्थान खाली छैन जहाँ ढुकुर आएर बस्न सकोस् । यो साँचो कुरा हो । तर तपाईं यी सबै कुरा जान्नुहुन्छ तव ढुकुरले तपाईंलाई मार्ग दर्शन गर्न सक्दैन किनकि तपाईं धेरै जान्नुहुन्छ ।

९९) मेम्नाले यसप्रकारको दावी गर्दैन कि उ केही जान्दछ । उसको लागि अरू कोही भइदिनु पर्छ जसले उसलाई मार्गदर्शन गरिदेओस् । महिमा होस्, यस्तै होस् । उ केही जान्दैन । आमिन । मता केवल एउटा कुरा जान्दछु मसीह येशू मलाई बचाउनको लागि मर्नुभयो ।

१००) कैलीफर्निया तल हुँदै एउटा केटा आइरहेको थियो जसले आफ्नो अगाडि एक पत्र चीन्ह लगाएको थियो जसले भनेको थियो "म ता मसिहको लागि मूर्ख हुँ "। र उसले आफ्नो पछाडि पनि अर्को पत्र चिन्ह लगाएको थियो "तपाईं कसको निम्ति मुर्ख हुनुहुन्छ ?" यो साँचो हो तपाईं संसारको लागि मूर्ख बन्दै जानोस् ता कि तपाईं पवित्र आत्माले चलाए बमोजिम चल्नोस्, परमेश्वरको

छोराछोरी पवित्र आत्माद्वारा चलाइएका हुन्छन् । रोमी ८-१ मा भनिएको छ "जो मसिह येशूमा छन् उसलाई दण्डको आज्ञा छैन किनकि ऊ शरीर बमोजिम होइन तर आत्मा अनुसार चल्दछ ।" तपाईं भेडाहरू पछाडि होइन ढुकुरको पछाडि चल्नोस् । आमीन् ।

१०१) डाँक एक गीत गाउने गर्थे "सधैं मेरो भीत्र प्रेमले भरियोस् जसबाट म स्वर्गीय ढुकुरसँग चल्नु सकु र म सधैं गाउँदै मुस्कुराउँदै चल्न सकु, सधैं मेरो भीत्र प्रेमले भरियोस् ।" त्यो ब्रान्हाम आराधनाको लागि अरू कुनै पनि मण्डली अथवा कुनै पनि व्यक्तिको लागि शान्तिपूर्ण दिन हुनेछ जब मानिस आफ्नो अधिकारलाई हानी पुराएर मेम्ना बन्दछ ।

भाइ ब्रान्हाम सवाल के हो ?

१०२) मेम्ने तर्फ फर्कनुहोस्, सज्जन बन्न आउनोस् केही नजानेको हुन आउनोस्, स्वयंलाई मसिहमा समर्पित गर्नको लागि आउनोस् । केही जानेको छु नभन्नुहोस् । नम्रतापूर्वक शान्तिपूर्वक दीनतापूर्वक हिंड्नोस् ढुकुरले तपाईंको मार्ग दर्शन गर्नेछ । तर जब तपाईं हेर्नुहुन्छ ...... जब तपाईं त्यो गफ सुन्न जानुहुन्छ र तपाईं जब त्यो क्रोधलाई पाउन जानुहुन्छ र तपाईं सोच्ने गर्नुहुन्छ कि तपाईसँग अधिकार छ तव ढुकुर उडेर टाढा जान्छ । फेरि तपाईंको तर्फ आउँदैन । अब यो विहान, मण्डलीभन्दा धेरै टाढा छैन उ त शान्तिको डालीमा बाहिर कतै बसेको छ र तपाईंको प्रकृति बदलिएको हेरिरहेको छ । आमिन् ।

१०३) आज तपाईंलाई त्यसको आवश्यकता छ कि तपाईं सबै आफ्नो अधिकारलाई समर्पित गर्नोस र परमेश्वरले तपाईंलाई विनम्र बनाई दिउन र तपाईंलाई तपाईंका सबै

कुराबाट पृथक बनाइदेओस्। आमीन ! के तपाईं कल्पना गर्न सक्नुहुन्छ एक सानो मेम्ना कस्तो हुन्छ कस्तो रौं उसको शरीर भरि हुन्छ ? हो, त्यो उसको अधिकार हो र त्यसलाई उन कतरिने ठाउँमा लगाईन्छ। उसलाई थाहा छ कि उसको लागि के सर्वोत्तम हुन्छ। उसलाई उसको सारा अधिकारबाट वन्चित गरेर पूरा ढंगले काँटछाँट गरिन्छ र पनि कति नम्रतापूर्वक र शान्तिपूर्वक हिंड्छ। उ प्रसन्न हुन्छ र यता उता कुद्ने उफ्रने गर्छ उसको एक महान समय हुन्छ। हो, श्रीमान ! यदि तपाईं आफैलाई आफ्नो अधिकारबाट वन्चित गर्नु हुन्छ भने तपाईंलाई पनि यस्तै हुन्छ। तर तपाईंले आफ्नो अधिकारको क्षति व्यहोर्नु पर्छ परमेश्वरको वचनलाई तपाईंबाट साराले काटछाट गरेर बाहिर निकाल्छन्। तपाईंबाट सारा सांसारिक कुरा (आदत) अलग गर्नुपर्छ। तव तपाईं मसिहमा एक नयाँ स्तुति बन्नुहुन्छ।

१०४) केही समय पहिले म अफ्रिकाका एक वृद्ध सन्त सँग कुरा गरिरहेको थिएँ उनले भने "भाइ ब्रान्हाम, म जान्दछु कि तपाईं परम अलौकिकमा विश्वास गर्नुहुन्छ।"। मैले भनें "निश्चय नै मेरो भाई।"

१०५) उसले भन्यो "वर्षौं पहिले म यस्तो सोच्ने गर्थें कि म केही हुँ। म सोच्दथिएँ कि वास्तवमा म एक विश्वासी हु। तव हाम्रो मण्डलीमा ............ मलाई एक पर्वतमा चढ्नु पर्ने थियो जहाँ म मेरो कार रोक्थें। मैले तीन चार सय गज उचाइमा भएर चढ्नु पर्थ्यो र वरीपरि झारपत थियो। हाम्रो त्यहाँ माथि प्रार्थना सभा हुने गर्थ्यो।" र उसले भन्यो मैले सोचेको थिएँकि वास्तवमा म एक हुँ। उसले भन्यो "म सम्पूर्ण बाइबल जान्दछु। मैले सम्पूर्ण हिब्रुको अध्यापन गरेको थिएँ । मैले सबै शब्दलाई ठिक प्रकारले उच्चारण गर्थें। जो मेरो सामु आउँथ्यो उसले

बाइबलको विषयमा कुरा गर्न सक्दथियो .......... (भाइ ब्रान्हाम, चुट्की बजाउनुहुन्छ -सम्पा.) म जान्दछु कि मैले के भनिरहेको छु। एक राति म चर्च गइरहेको थिएँ। हाम्रो मण्डलीमा धेरै विवाद थियो। त्यहाँ एक अर्काको विरूद्धमा स-साना दल थिए। तपाईं जान्नु हुन्छ कि ति कसरी खडा भएका हुन। "

मैले भने "हो, श्रीमान।"

१०६) उसले भन्यो "माथि पहाडमा जाँदा म एकाएक सचेत भए कि कोही मेरो पछाडि आउँदैछ। मैले सोचें जो त्यो व्यक्ति हो म उसको लागि थोरै कुरा गर्नेछु जब म माथि जाँदै छु। " तपाई जान्नुहुन्छ कि यो एक असल कुरो हो कि तपाईं केही वेर पर्खनुपर्छ। उसले भन्यो "म माथि आउँछु तपाईं केही बेर पर्खनुहोस। एक मनुष्य माथि पहाडतिर आउँछ। उसको ढाडमा भारी थियो त्यो व्यक्ति भन्दा ठूलो भारी थियो। र उसले भन्यो "उ लम्केर हिंडिरहेको थियो लामो लामो स्वास फेर्दै विस्तारै माथितिर चढ्दै थियो। अनि मैले भने "के म तिमीलाई मद्दत गर्न सक्छु ता कि यो भारीलाई तिमीले माथि पहाडतर्फ लग्न सक। उसले भन्यो "होइन यो मैले नै उठाउनु पर्छ। तव उसले भन्यो "मैले त्यसको हातमा हेरिरहें।" र उसले भन्यो "तव मैले थाहा पाएँ कि यो एक दर्शन थियो, उसको हातमा घाउ थियो। र उसले भन्यो "म तल झरें र मैले भनें "प्रभु तपाईं संसारको पापलाई बोरामा उठाइरहनु भएको छ ? " उसले भन्यो "होइन, यो ता केवल तिम्रो पाप हो जसलाई म उठाइरहेको छु। म ता पहाडमा माथि चढ्दै छु ताकि तिमी माथि चढ्न सक। "

१०७) ठीक त्यस्तै नै हो। यदि तपाईं चारैतिर हेर्नुभो भने त्यही देख्नु हुनेछ कि उसले हाम्रो पापलाई उठाइरहेको छ। के

यसले हामीलाई अनुभव हुँदैन कि हामी कति तुच्छ छौं ? किनकि हाम्रो हृदय क्रुर र निर्दयी छ यसकारण हामी त्यसो गर्न सक्दैनौं ।

१०८) यहाँ केही समय पहिले मैले शिकार गरेको थिएँ । जस्तो तपाईंलाई थाहा छ म शिकार खेल्नु राम्रो ठान्थें । एक दिन विहान त्यहाँ एक दुष्ट व्यक्ति थिए त्यो एक दुष्ट व्यक्ति थियो, त्यसले मेरो खील्ली उडायो किनकि म मृग हरिणको बच्चालाई गोली चलाउँदिन । मैले भनें "त्यो पाशविक क्रुरता हो ।" मैले भनें "किन हुँदैन तिमी एक सच्चा कुशल शिकारी बन्न सक्छौ र त्यो हिरण तथा पशुहरू जो मर्न तयार हुन र बुढा भइसकोका छन्, मार्दैनौ जो परमेश्वरले हामीलाई दिएको हो र त्यो माउ र बच्चालाई जान देउ ।"

१०९) उसले भन्यो "तिमी ता सानो चित्त भएको प्रचारक हौ ।" त्यसले मलाई यस्तै भन्दै रह्यो ।

११० ) मैले भनें "अब हेर यति म भोको हुन्थें भने मलाई त्यो एउटा हिरण मलाई आवश्यक पर्थ्यो र म यो विश्वास गर्छु कि परमेश्वरले नै मलाई त्यो प्रदान गर्नुहुन्छ । तर त्यसैबेला त्यसको शिकार गरिन्थ्यो कुनै विशेष कार्य हुनुपर्छ " । ठिक छ उसले गाडि भन्यो उ गयो र एक प्रकारको आवाज निस्क्यो उसले कुनै प्रकारको सिठी बजायो र उसले त्यो सिठी बजाउन सक्थ्यो र त्यसबाट यस्तो आवाज निस्कन्थ्यो जस्तो कि हिरणको सानो बच्चा रोहिरहेको छ । एक दिन हामी दुवै जंगलझाडीमा थियौं । मैले उसलाई लाजमा पारें, मैले भनें "मलाई आफैसँग लाज लाग्छ ।" उसले एकै पटक बाह्रवटा आमा-हिरण मारेको थियो, र उसले लगत्तै जथाभावी हिरण बच्चा जे जति मार्न सक्थ्यो उसले जनावरको पछाडिको भाग

काटेर अलग पार्थ्यो र बाँकी भाग त्यहिं छोडिदिन्थ्यो । मैले भनें "तिमीले यस्तो नगर्नु पर्नेथ्यो ।"

उसले भन्यो "ओहो, तिमी पनि साँचो हृदय भएको प्रचारक हौ ।"

१११) एक दिन उ झाडीको पछाडि उभिइरहेको थियो उसले त्यो सिठी लिएर जोडले बजायो जस्तो कुनै सानो हिरण रोहिरहेको छ । उसले त्यसो गर्ने साथ एक सुन्दर हिरणले आफ्नो शिर त्यहाँ निकाल्यो र विस्तारै त्यो हिरण बाहिर आयो । तपाईं त्यसलाई ठूला आँखाले हेर्न सक्नुहुन्छ । त्यो यता उता हेर्दै थियो शिकारी तल झुक्यो र त्यो आमा-हिरणलाई मार्नको लागि राइफल उठायो । र त्यो हिरणीले शिकारीलाई देख्यो । तर के तपाईंलाई थाहा छ उसले हिरणको बच्चाको चिल्लाहट ता सुन्यो तर त्यसले बन्दुकलाई ध्यान दिइन । त्यसले केवल बच्चालाई हेर्दैथियो जो कठिनाइमा परेको थियो । तपाईंलाई थाहा छ कि त्यो मातृत्व अथवा आमाको ममताको वास्तविक प्रकटिकरण थियो कि उसले त्यो बन्दुकको सामना गर्‍यो मृत्युको सामना गर्‍यो । तपाईंलाई थाहा छ त्यो प्रकटिकरण महान थियाो त्यसपछि त्यो प्रकटिकरण उनको सांमु पुग्यो उसले बन्दुक तल झार्‍यो र उ दौंडदैं फर्क्यो र उसले मलाई अँगाल्यो र उसले भन्यो "विल्ली, मेरो लागि प्रार्थना गर मलाई त्यसबाट धेरै सजाय मिल्यो ।" जब उसले आमाको साहसिक प्रकटिकरण देखेको थियो ।

११२) आहो, जब संसारले परमेश्वरको प्रेमको यो प्रदर्शन देख्दछ र हाम्रो मानविय हृदयमा साहस देख्दछ तब यो कति भिन्न हुन्छ जब हामी परमेश्वरको ढुकुरलाई आफ्नो हृदयमा आउन दिन्छौं र त्यसलाई सज्जन र विनम्रा बनाउन दिन्छौं ।

११३) म त्यहाँ घासको मैदानमा उभिए र त्यो व्यक्तिको लागि प्रार्थना गर्दै थिएँ। मैले प्रभु येशू तर्फ अगमवाणी गरें। त्यसबेला देखि उ एक कुशल शिकारी बनेको छ।

११४) निश्चय नै त्यसले सोचेको थियो, त्यसको साथ अधिकार छ उ जे चाह्यो गर्थ्यो उ भन्ने गर्थ्यो "यदि उ चाहन्छ भने यो स्थानबाट मेरो राम्रो राम्रो घाँस खान सक्थ्यो।"

११५) मैले भने यो ठीक कुरा हो तर त्यो गर्नु अमानविय छ। तपाईं आफ्नो अधिकारको हानी व्यहोर्नु पर्छ। हे परमेश्वर, दया गर्नुहोस् कि हामी यस्तो गरौं।

११६) यहाँ केही वेर पहिले एक सय वर्ष पहिले एक महान विश्वासी दक्षिणी पश्चिमी अमेरिकामा रहन्थे। उसको नाम डेनियल करी थियो उ एक शानदार व्यक्ति थियो उ एक भक्त एवं पवित्र जन थियो। उ एक साँचो खीष्टियन थियो उ त्यस्तो मानिस थियो जसको विषयमा प्रत्येकले धेरै शिक्षा पाउथे उ धेरै राम्रो व्यक्ति थियो। एक दिन यस्तो भयो कि उ मऱ्यो या उ अचेत भयो र उसले भन्यो ………… जस्तो कि उ वास्तवमा स्वर्ग गयो उ जब उ मऱ्यो। जब उ मोतिको द्वारामा पुग्यो तब त्यो द्वारको द्वारपालले भन्यो "तिमी को हौ ?"

११७) उसले भन्यो "म एक प्रचारक हुँ, डेनियल करी हुँ, मैले हजारौं मानिसलाई येशूमा ल्याएको छु, म आज विहान भित्र आउन चाहन्छु, पृथ्वीमा मेरो यात्रा सकिएको छ अब म जाने कतै ठाउँ नै छैन।

११८) पापीहरू, ठीक यस्तै प्रकारले कुनै विहान तपाईंको पनि हुनेछ। ठीक यसरी नै विश्वासमा तिमीहरू पछि परेकोको साथमा हुनेछौ। ठीक त्यसरी नै तिनीहरूसँग पनि हुनेछ जसले पवित्र आत्मालाई दु:खीत पारेको छन् जो नम्र हुन चाहेनन्। तिमी वर्षौ देखि रोहेका छैनौ र

सबै शिष्टता तिमीहरूबाट हराएको छ यस्तै भएको छ र कुनै दिन तिमीहरूका लागि पनि त्यस्तै द्वारमा हुनेछ। जब कि त्यो विनम्र पवित्र आत्मा आउँछ र ढकढकाउँछ तिमी किन त्यसलाई भीत्र आउन दिंदैनौं ?

११९) अत: जव डेनियल करी त्यहाँ ढोकामा आए र उसभित्र गयो र भन्यो "म हेर्छु के तिम्रो नाउँ यहाँ लेखिएको छ।" उसले सबैतिर हेर्‌यो उसले पाएन यहाँ कुनै डेनियल करी नाम छैन।

१२०) उसले भन्यो "निश्यच नै, यहाँ मेरो नाम हुनै पर्छ म त एक प्रचारक हुँ र मैले धेरैलाई इसाई बनाएको छु। मेले जुन काम ठीक थियो त्यही गरेको थिएँ।

१२१) द्वारपालले भन्यो "श्रीमान, मैले तपाईंलाई यो सब बताउनुपर्दा खेद छ यहाँ कोही डनियल करी छैन। म तिमीलाई बताउँछु कि तिमीले के गर्नु पर्छ ? उसले भन्यो "म सँग त्यस्तो कुनै अधिकार छेन कि म तिम्रो समस्या हेरूँ।" उसले भन्यो"के तिमी आफ्नो समस्याको बारेमा निवेदन गर्न चाहन्छौ ? यदि चाहन्छौ भने त्यस कुरालाई स्वेत सिंहासन (White Throne) को सामु राख्न सक्छौ। यहाँ म केही दया गर्न सक्दिन तर मसँग तिम्रो नाम छैन। तिम्रो निम्ति यहाँ दया गर्न सकिंदैन, के तिमी आफ्नो समस्याबारे निवेदन दिन चाहन्छौ ?

उसले भन्यो "श्रीमान, म अरू केही गर्न सक्दिन केवल आफ्नो समस्याको निवेदन गर्न सक्छु।"

१२२) उसले भन्यो "ठीक छ तव तिमी स्वेत सिंहासनको अगाडि जान सक्छौ र आफ्नो समस्या बताउन सक्छौ।"

१२३) डेनियल करीले भन्यो कि उ केवल एक घडीको लागि अन्तरिक्षमा भएर जाँदै थियो। उसले बतायो कि उ त्यस्तो स्थानभित्र आउँदैछ त्यो स्थान प्रकाशमान प्रकाशमान प्रकाशमान हुँदै गएको थियो र जति उ टाढा सम्म जान्थ्यो त्यो स्थान पनि धेरै प्रकाशमान हुन्थ्यो। त्यो प्रकाश सूर्यको प्रकाश भन्दा पनि हजारौ गुना अधिक थियो। र उ काम्दै थियो र उ डराएको थियो र उसले भन्यो "जब उ त्यो प्रकाश भित्र गयो उसले कसैले भन्दै गरेको शब्द सुन्यो "के तिमी पृथ्वीमा शुद्ध थियौ ?" यो शब्द त्यही प्रकाशमानबाट आएको थियो।

उसले भन्यो "थिइन, म शिद्ध थिइन।" उ डरले कामिरहेको थियो। त्यो शब्दले भन्यो "के तिमी सबैप्रति सत्य निष्ठ बनेका थियौ ?"

१२४) उसले भन्यो "अहँ। उसले भन्यो कि कुनै कुरा उसको मस्तिष्कमा आयो र त्यसप्रति उ सत्यनिष्ट थिएन। उसले भन्यो "होइन, मेरो अनुमान हो कि म सत्यनिष्ठ थिइन।"

उसले भन्यो "के तिमीले जीवनको हरेक क्षेत्रमा सत्य बोल्यौ ?"

१२५) उसले भन्यो "अहँ, म केही सम्झन्छु मैले जो बताएको थिएँ वास्तविक थिएन....... जो साँचो कुरा थिएन। म कदापि सत्यनिष्ठ भएको थिइन।

१२६) त्यो आवाजले भन्यो "के तिमीले त्यस्तो कुनै वस्तु उठायौ जो तिम्रो थिएन कुनै त्यस्तो धन या तिम्रो थिएन ?

१२७) उसले भन्यो "उसले सोचेको थियो कि उ पृथ्वीमा सारै राम्रो व्यक्ति हो तर उ दोषी पाइयो।

उसले भन्यो “होइन, होइन मैले त्यस्तो वस्तु उठाए जो मेरो होइन ।”

त्यो शब्दले भन्यो “म शिद्ध थिइन ।”

१२८) उसले भन्यो कि त्यो महान प्रकाशमा जहाँ त्यो महान ढुकुर बसेको थियो कुनैपनि बेला धम्कीपूर्वक भन्थ्यो “तँ नाश भइस ।” । सुन्दै हेर्न जाँदै थियो । तर उसले भन्यो कि उसको पछाडि एक आवाज सुन्यो जो कुनै त्यो आमाको आवाज भन्दा धेरै मधुर थियो जो कहिल्यै सुनेको थिएन । जब उ हेर्नको लागि टाउको घुमायो आमाको मुख भन्दा पनि मधुर थियो जो उसले सुनेको थिएन उ त्यसको सामुन्ये खडा थियो । फेरि उसले बतायो कि उसले भन्यो “पिता, डेनियल करीमेरो लागि पृथ्वीमा खडा भएको थियो । यो साँचो हो शिद्ध थिएन तर उ मेरो निम्ति खडा थियो । उ पृथ्वीमा मेरो लागि खडा भएको थियो र अब उ स्वर्गमा उसको निम्ति खडा हुन गइरहेको छु । उसका सारा पाप हटाइदिनोस उसलाई मेरो पुस्तकमा लेखिदिनोस् ।”

१२९) भाइ, यदि तिमी उसलाई दुःखीत गर्छौ भने त्यो दिन तिम्रो निम्ति को खडा हुन्छ ? म अब धेरै प्रचार गर्न सक्दिन । आउनोस् हामी आफ्नो शिर झुकाऔं ।

१३०) प्रिय परमेश्वर, मरनेवाला प्रिय, मेम्न, तिमी नम्र, दीन थियौ उ धेरै तल आयो । चराहरूका गुँड थिए तर तिम्रो निम्ति कुनै ठाउँ थिएन तर पनि तिमी प्रभुको महिमा थियौ । जब तिमी जन्म्यौ तिम्रो निम्ति लगाइदिने लुगा थिएन । हे परमेश्वर, अब मेरो कपडाले मलाई के राम्रो गर्छ ? मेरो कामले मलाई के राम्रो गर्ला ? मेरो राम्रो घरले के राम्रो गर्ला ? त्यो दिन यी सबले के राम्रो गर्लान् ? तिमी मित्रहिन थियौ, कसैले तिमीसँग मित्रता गरेन

कोही पनि तिमीलाई सहायताको हात बढाउँदैन थिए। तिमीले भनेका थियौ त्यस दिन तिमीले भन्ने छौ " म भोको थिएँ, तिमीले मलाई खुवाएनौ , म नाँगो थिएँ, थिमीले मलाई लाउने कपडा दिएनौ।" प्रभु हामीसँग जे जति छ के त्यसले हामीलाई के त्यो दिन काम देला ? हामी तिम्रो निम्ति खडा छौं तपाईं जो सर्वशक्तिमान, सर्वव्यापक हुनुहुन्छ हे परमेश्वर जब हामी त्यो ढुकुरलाई महान प्रकाशमा उसको आफ्नो पखेटा सुव्यवस्थित गर्दै गरेको सुन्ने छौं त्यो सम्पूर्ण अनन्ततामा प्रकाशमान हुनेछ। जब तपाईं प्रकाशमा बास गर्नुहुन्छ।

१३१) जब त्यहाँ म एक्लै उभिनु पर्ने हुन्छ मेरो भाइ गइसकेको हुन्छ मेरो पाष्टर गइसकेको हुन्छ मेरी आमा गइसकेकी हुन्छे मेरो पिता गइसकेको हुन्छ मेरी पत्नी मेरा बच्चा गइसकेका हुन्छन् हे परमेश्वर तब म के गर्छु ? मैले के गर्न सक्छु ? हुनसक्छ कि आज राति सुर्यास्त भन्दा पहिला नै म के गर्न गइरहेको छु ? म के गर्न सक्छु हरेक मसिह, अब म तपाईंको लागि खडा हुन्छु। म आज नै आफ्नो निर्णय गर्छु। म अरूको लागि आफ्ना कुरा गर्न बन्द गर्छु। म आफ्ना सारा क्रोध छोडिदिन्छु म सबै मतभेद छोडिदिन्छु। प्रभु मलाई काँटछाँट गरेर जो म सँग छ त्यसलाई लिनुहोस्। प्रभु, तपाईंले मलाई लिनुहोस् म यहि चाहन्छु कि मेरो सारा स्वार्थ, मेरा सबै प्रतिष्ठा, मेरा सारा मतभेद लैजानुहोस्। अब म तपाईंको लागि त्यो मेम्ना जस्तै जसको उन कतरिन्छ, खडा हुन चाहन्छु आफ्ना सारा नाच, सबै भोज (पार्टी), भद्दा कपडा, श्रृंगार, लिपिष्टिक, पालिस र अरू धेरै मतभेद जो सांसारिक देखिन्छन छोड्नलाई इच्छुक छु। तपाईंले भन्नु भएको थियो "यहाँ सम्म कि संसारको जस्तो काम नगर। संसारसँग एकै चालको नहोओ।

त्यसबाट बाहिर निस्केर आओ।" हे परमेश्वर, हे प्रभु, मेरो सहायता गर्नुहोस्। आज नै मलाई काटछाँट गर्नुहोस्। मलाई एक मेम्ना जस्तै बनाउनुहोस् म मुख नखोल्ने तुल्याउनुहोस् म केही भन्दिन केवल खडा हुन्छु र आफ्नो काँटछाँट हुनदिन्छु।

१३२) हे परमेश्वर, यसबाट के नै फरक पर्छ। मलाई स्मरण छ जब तपाईंले एकपटक काँटछाँट गर्नुभएको थियो तपाईंले मेरी पत्नी, बच्ची र मेरो पिता, भाइ लिनुभएको थियो र मलाई काँटछाँट गरेर शुद्ध गर्नुभएको थियो। फेरि म आफ्नो हृदयमा जान्दछु कि म तपाईंलाई प्रेम गर्छु। कसरी तपाईंले मलाई आर्शिवाद पार्नु भो मलाई कति धेरै मलाई गर्नुभो। त्यो सब जो म हुँ त्यो सबै मै हुन सक्थें र म हुनसकुँला त्यो तपाईं नै हुनुहुन्छ परमेश्वर त्यो सबै तपाईं नै हुनुहुन्छ। म आफ्नो गल्तीलाई स्विकार्छु मैले सोचें गरेका सबै कुरालाई म स्विकार्छु । प्रभु तपाईं मलाई काँटछाँट गर्नोस म तपाईंको भेडा जस्तै हुन चाहन्छु।

१३३) प्रभु त्यति मात्र होइन यो विहान, यहाँ प्रत्येक व्यक्ति प्रत्येक भेडा र जो तपाईंको भेडा हुन चाहन्छन् लिनुहोस् र प्रभु यो विाहन ती सबैलाई काँटछाँट गर्नुहोस्। हुन पाओस कि पवित्र आत्मा ठीक यो सयम तिनीहरूलाई मार्गदर्शन प्रायाश्चित तर्फ गरून र तिनीहरूले जानून कि उनीहरू परमेश्वर तर्फ उदासिन भएका छन् र तिनीहरूको समस्त उदासीनता, संसार र संसारका कुराहरू काटेर अलग गरियोस्। प्रभु, अहिले बिहान काँटछाँट गरेर पूर्णत अलग गरिदिनोस् ताकि हामी तपाईं समक्ष नयाँ जन्म पाएको विश्वासी भएर शान्त रहन सकुँ। प्रभु तपाईंले दिनुहोस्।

१३४) म तपाईंसँग प्रेम गर्छु। मलाई मतलब छैन चाहे मौसम गर्मी होस् वा त्यसको अनुभूति होस् वा नहोस्। म ता तपांईलाई जान्न चाहन्छु, तपाईंको निम्ति खडा हुन चाहन्छु किनकि म यो चाहन्छु ता कि त्यो दिन मेरो पक्षमा तपाईंले भनिदिनुहोस् "ठीक छ उ मेरो लागि खडा भएको थियो अब म उसको लागि खडा हुन्छु।"। हे परमेश्वर आज नै तपाईंले प्रदान गर्नुहोस्।

१३५) अब जब प्रत्येक शिर झुकेका हुन्छन् प्रत्येक हृदय झुकेका हुन्छन् आज विहान कि यहाँ कोही छ जसलाई आफ्नो बाटो आफै बनाउन प्रयास गरेको, जो गर्नु नपर्ने तपाईंले गर्नु भएको थियो आज बिहान यो अनुभव गर्दै हुनुहुन्छ तपाईं चाहनुहुन्छ प्रभुले तपाईंलाई काटछाँट गरेको तपाईंले भन्न सक्नु हुन्छ" मलाई एउटा साँचो मेम्ना बनाउनुहोस्।"। के तपाईं आफ्नो हात माथि उठाउनुहुन्छ। महिला, परमेश्वरले आशिष देउन। भाइहरू परमेश्वरले आशिष देउन। प्यारा केटाहरू, परमेश्वरले आशिष देउन। दिदीबहिनी, परमेश्वरले आशिष देउन। प्रभु मलाई काँटछाँट गर्नोस। बहिनी ग्रेट्टी ........ (पियानोवादक सम्पा.) र महिला, परमेश्वरले आशिष देउन। बहिनी, परमेश्वरले आशिष देउन। प्रभु अब मलाई काँटछाँट गर्नुहोस। म चाहन्छु कि संसारका सबै कुरा ......... यो विहान तपाईंको लागि खडा हुन चाहन्छु। म ता त्यो भेडा जस्तै खडा हुन चाहन्छु जो आफ्नो उन कत्रने समयमा खडा हुन्छ।

म चाहन्छु कि संसारका सबैकुरा म बाट बाहिर निकालियोस्। म चाहन्छु कि तपाईं मेरो म तपाईंको, प्रभु जब म आफ्नो हात माथि उठाउछु के मलाई ग्रहण गर्नुहुन्छ ? युवती, परमेश्वरले तिमीलाई आशिष देउन। महिला, परमेश्वरले तपाईंलाई आशिष देउन म तपाईंले

हात माथि उठाएको देख्दै छु। मेरो भाइ, परमेश्वरले तपाईंलाई आशिष देउन। त्यहाँ पछाडि जो सानी महिला छ परमेश्वरले आशिष देउन। पछाडि जो आमा छ परमेश्वरले आशिष देउन। बहिनी परमेश्वरले तपाईंलाई आशिष देउन। म बाट परमेश्वरले सबै लिएका म चाहन्छु जो ममा स्वार्थ छ जो मतभेद छ परमेश्वरले लिनुहोस्। यो विहान उहाँले मलाई सबैतिरबाट काँटछाँट गर्नुभएको होस्। म उहाँ जस्तै हुन चाहन्छु। म त्यसको परवाह गर्दिन त्यो अधिकार थियो वा थिएन म सँग कुनै अधिकार छैन।

म सँग केवल एक मात्र अधिकार छ त्यो यहि हो कि म उहाँको सामु जाउँ। उहाँले अरू सबै मबाट लिउन।"

१३६) के यहाँ कोही पापी छन् जसले कहिल्यै मसिह सामु पाप स्वीकारेको छैन जो बचाइएको छैन र तपाईं चाहनुहुन्छ आज विहान यो प्रार्थनामा सम्भनुहोस्, पापी मित्र के तपाईं आफ्नो हात माथि उठाउनुहुन्छ ? परमेश्वरले तपाईंलाई आशिष देउन। कोही अरू आफ्नो हात माथि उठाउन र भनुन् "भाइ ब्रान्हाम, मलाई सम्भनुहोला। म विश्वासी हुइन र म यो जान्दित कि कुन समय म महिससँग भेट गर्न जाउँ ? जब तपाईं यो सभा समापन गर्दे हुनुहुन्छ म चाहन्छु कि मलाई ठीक यसै समय प्रार्थनाको शब्दमा स्मरण गर्नुहोस्।" ठीक छ के तपाइं मेरो लागि हात माथि उठाउनु हुन्छ ? उहाँ देख्नुहुन्छ। सानी महिला, परमेश्वर तपाईंलाई आशिष देउन। युवती, परमेश्वरले आशिष देउन्। श्रीमान, परमेश्वरले तपाईंलाई आशिष देउन। यदि अरू पनि हुनुहुन्छ भने जो यो चाहनुहुन्छ "म चाहन्छु, म चाहन्छु .........."

१३७) यहाँ कति त्यस्ता छन् जो विश्वासमा पिछडिएका छन् ? तपाई भन्नुहुन्छ "भाइ ब्रान्हाम, म त्यो सत्य मान्दछु।"

तर हेर्नोस यदि तपाईंबाट त्यो ढुकुरको विनम्रता गयो भने तपाईंमा केही गडबड हुनसक्छ। जब तिमीहरू एक अर्कालाई सहन गर्न सक्दैनौं तब तिमीहरूसँग केही गडबड हुन्छ। जब तिमीहरूले हृदयदेखिनै क्षमा गर्दैनौं केही मतलब छैन कि उसले के के गरेको छ र के के भनेको छ यदि तिमी हृदयको गहिराईदेखि क्षमा गर्न सक्दैनौ भने ममा केही गडबडी छ। येशूले भन्नुभयो "यदि तिमी प्रत्येक व्यक्तिको अपराधलाई आफ्नो हृदयदेखि क्षमा गर्दैनौ भने तिम्रो स्वर्गीय पिताले पनि तिमीहरूको अपराध क्षमा गर्नेछैनन्।"

१३८) के थाहा छ यदि परमेश्वरले आजै बोलाउनुभयो भने एक कलसिया सुतेको छ र एक मण्डली तयार छ पवित्र आत्मो यो भवनभित्र यताउता गरिरहनुभएको छ तपाईंको हृदयमा आउन र तपाईंलाई नम्र बनाउन तयार हुनुहुन्छ। तपाईं भन्नुहुन्छ "भाइ ब्रान्हाम, मैले के गर्नुपर्छ ?" तपाई एक मेम्ना बन्नुहोस्। जब तपाई एक मेम्ना बन्नुहुन्छ भने पवित्रआत्मा तुरून्तै तल आउनु हुनेछ। तर यदि तपाईंभित्र गलत विचार छ भने आफ्नै मार्ग चाहनु हुन्छ भने त्यसलाई त्यागन चाहनुहुन्छ भने पवित्र आत्मा कदापि फर्कि आउँदैन।

१३९) अब हाम्रो झुकेको शिर सहित के तपाईं कोही आफ्ना हात माथि उठाउनु हुन्छ अब हेर्नोस येशूले भन्नुभएको थियो "उ जो मेरो कुरा सून्छ र मलाई पठाउने वालाको जस्तै प्रकृतिको छ अनन्त जीवन उसको नै हो र ऊ कहिल्यै न्यायमा आउँदैन तर मृत्युबाट पार भएर जीवनमा प्रवेश गरेको हुन्छ। यूहन्ना ५:२४। तर अब तपाईं यहि वेदीमा आएर घुँडा टेकेर प्रार्थना गर्न चाहनुहुन्छ। आउनुहोस् हामी मिलेर तवसम्म प्रार्थना गरौं जबसम्म नम्र र शान्त अनुभूति हामीसँग हुन्थ्यो र त्यो

अनुभव गर्न चाहनुहुन्छ। हामी हाम्रो शिर झुकाइरहने छौ जबकि हामी जो रगतले भरिएका छन गीत गाउँछन् म चाहन्छु कि तपाईं आएर घुँडा टेकेर प्रार्थना गर्नोस। प्रत्येक व्यक्ति जो आउन चाहन्छ उ वेदि अगाडि आएर घुँडा टेकोस र थोरै समयको लागि प्रार्थना गरोस्। उ रगतले भरिएको एक सोता हो जो इमानुएल को शिरवाट आउँछ र पापी ...........

युवती परमेश्वरले तपाईंलाई आशिष देउन तपाईं माथि आउनोस् र घुँडा टेक्नुहोस्।

१४०) आफना् झुकेको शिरसहित जस्तो कि म आफ्नो हृदयमा जान्दछु कि यो विहान कुन त्यो मार्गलाई .........तोड्छ कि स्वयं तपाईंलाई लज्जित पार्छ ? एक अस्वेत स्त्री जो कि वेचारी स्त्री हो जसको खुट्टा कुजो भएको छ र कपाल सेतो भइ सकेको छ आफ्नो मार्ग वेदीतर्फ बनाइरहेकी छ।

१४१) यहाँ केही समयपूर्व एक अस्वेत व्यक्ति दाश प्रथाको समयमा बच्यो। त्यो गयो र जस्तो उ बचेको थियो उसले आफ्नो मालिकलाई बतायो कि उ स्वतन्त्र छ। उसको मालिकले भन्यो "तिमी के हौ ?"

उसले भन्यो "म स्वतन्त्र छु।" फेरि उसले त्यसलाई स्वतन्त्र गरिदियो।

१४२) यहाँ एक झुण्ड छुटकाराको निम्ति आएका छन् (उसले भनेको थिए कि उनीहरू स्वतन्त्र छन्) प्रत्येक प्रार्थनामा रहनुहोस् यदि तपाईं चाहनुहुन्छ भने जोडसँग प्रार्थना गर्नोस। जब कि पवित्र आत्मा ति मानिसहरू जो हरूले आफ्नो निर्णय लिसकेका छन् र व्यवहार गरिरहेका छन्। उसले भन्यो "मोसा, के तिमी भन्छौ कि तिमी स्वतन्त्र छौ ?

उसले भन्यो "हो, प्रभु म स्वतन्त्र छु ।"

१४३) उसले भन्यो यदि तिमी स्वतन्त्र छौ भने म पनि तिमीलाई स्वतन्त्रे पार्छु । जाउ सुसमाचार प्रचार गर ।"

१४४) जब उ मर्न तयार थियो उसका कतिपय स्वेत भाइहरू हेर्नलाई आए र जब उसलाई हेर्न आए उसले भन्यो ........... उनीहरूले सोचेका थिए कि उ कोमाको हालतमा छ । जब उ उठ्यो, तव उसले भन्यो "मैले ता सोचेको थिएँ कि म हिंडडुल गरेर बसुँ ।" ( मेरा भाइ, परमेश्वरले तपाईलाई आशिष देउन तपाईं घुडा टेक्दै रहनोस्)

उसले भन्यो "मैले त सोचेको थिएँ कि म हिंडडुल गरेर बसुँ "।

उसको मित्रले भन्यो "मोसा, तिमीले के देखेका थियौ ?"

१४५) उसले भन्यो जब म द्वारभित्र गएँ तव मैले उसलाई देखें । म खडा भएर उसलाई देखिरको थिएँ र भने त्यहाँ एक स्वर्गदूत आएर भन्यो "मोसा, आउ तिमीले कैयौं वर्ष सुसमाचार प्रचार गरेका छौ तिम्रो निम्ति एक वस्त्र औ मुकुट छ जो तिम्रो प्रतिक्षा गरिरहेको छ ।" उसले भन्यो "मसँग वस्त्र औ मुकुटको विषयमा कुरा नगर । म कुनै वस्त्र वा मुकुट चाहँदिन । म ता केवल उसैप्रति हेरिरहन्छु ।" म सोच्दछु कि हामीले पनि त्यस्तै प्रकारको विचार राख्नुपर्छ ।

१४६) केही समय पहिला सिकागो बाहिर एक ठूलो मनोरञ्जन स्थलमा म एक संग्रालयमा थिएँ, मैले त्यहाँ धेरै कुरा हेर्दै थिएँ र मैले त्यहाँ एक वृद्ध निग्रो देखें उसको शिर वरीपरि कपालमा सेता घेरा थियो र उसको हातमा एक टोपी थियो । मैले उसलाई हेरें र उ पछि हट्यो र उसको कालो गालाबाट आँशु झर्न थाले । उसले प्रार्थना गर्न

थाल्यो । मैले केही बेर उसलाई हेरें । उसले त्यो ठाउँलाई पुनः हेऱ्यो र फेरि रून थाल्यो । म उ नजिग गए र भनें "श्रीमान, उसले भन्यो "हँ स्वेत मित्र" मैले भनें "म देख्दै छु तपाईं हुनुहुन्छ .......... तपाईं किन यति धेरै आत्मविभोर हुनुहुन्छ ? तपाईं किन धेरै आत्मविभोर हुनुहुन्छ ?

१४७) उसले भन्यो "श्रीमान, यदि तपाईं मेरो बारेमा अनुभव गर्न सक्नुहुन्छ भने मेरो कम्मरमा एउटा पटुका बाँधिएको छ। एक पटक म दाश थिएँ।" उसले भन्यो "त्यो काँचको बाकसमा एक पोशाक राखिएको छ।" मैले भनें "म देख्दछु कि त्यहाँ त्यो पोशाक हो तर त्यसको विषयमा त्यहाँ अरू धेरैकुरा छ ?

१४८) उसले भन्यो "त्यो पोशाकमा जो निशान छ त्यो अब्राहम लिंकनको रगत हो। उसैले मेरो दाशको पटुका उतारेको थियो। उसले भन्यो अब हेर्नोस्, स्वेत पुरूष, के तपाईंलाई पनि त्यस्तै प्रकारले उत्तेजित गर्दैन ?"

१४९) मैले आफ्नो हात उसको बुढो गालामा लगाएँ र भने "परमेश्वरले तपाईंलाई आशिष देउन भाइ मलाई थाहा छ कि मलाई रगतले उत्तेजित गर्छ।"

उसले भन्यो "श्रीमान, म पनि त्यो रगतलाई जान्दछु।"

१५०) मैले भनें "मेरो दासत्वको पटुका हराएको थियो। कुनै समय म आइतवार म बाहिर दौडन कुद्न जाने गर्थें। हे परमेश्वर, मैले त्यो कसरी गरेको थिएँ ? अहिले पनि मेरो हृदय भीत्र दाग छ र मैले गरेको थिएँ। तर म आनन्दित छु कि उसले त्यो पटुका मबाट निकाल्यो। र उ खतम भइसकेको छ तर उ मेरो हृदयमा खडा छ।

१५१) केही समय पहिले म एउटी स्त्रीलाई यहाँ देखेको थिएँ र त्यो सारै भद्दी थिइ र म उसलाई लतार्न चाहन्थें।

परमेश्वरले मलाई दर्शन दिनुभो त्यसपछि मैले प्रार्थना गरें किनकि मैले देखेको थिएँ कि मेरो पाप उसको भन्दा पनि बढी थियो र म उसको नजिग गएँ र उसको अगाडि लज्जित हुँदै भनें म एक प्रचारक हुँ। उसको दुईवटा केटा थिए ......... त्यो लगभग ६५।७० वर्षकि थिई र त्यहाँ उसको दुईटा केटा घुँडा टेक्न भित्र गएँ र आफ्नो हृदय मसिह येशूलाई दिएँ। हे, परमेश्वर कति अचम्म।

१५२) के तपाईं त्यस्तो गर्नुहुन्छ ? के तपाईं आजको यो विहानसम्म धेरै पाप गर्नुभएको छैन र तपाईंको हृदय कालो र अन्धकारयुक्त छ। पवित्र आत्मा उसलाई स्पर्श गर्न चाहनुहुन्छ हुन सक्छ ढुकुरले उडेर टाढा गएको छ

१५३) साथीहरू, परमेश्वरले तपाईंहरूलाई आशिष देउन। एउटी केटी यता माथि आउँदैछे। प्यारी बच्ची, परमेश्वरले तिमीलाई आशिष देउन। तपाईं भन्नुहुन्छ, त्यो सानी बच्चीलाई थाहा छैन। तर त्यसले जानेकी छ। उसले लामो प्रेम कथा वा पत्रिका पढेकि छैन होला जस्तो कि पाप सबैले पढ्ने गरेका छन्। तसर्थ उ सरल छे। येशूले भन्नुभएको थियो "बालकलाई म कहाँ आउन देओ तिनीहरूलाई मनाहि नगर।"

१५४) के अरू कोही आउन चाहन्छन् अहिले विहान यहाँ सम्मिलित हुन चाहन्छन् ? वेदि खुला छ। अब केहीबेर अरू फेरि जब हामी गीत गाउँछौं अब फेरि हामी प्रार्थना चढाउँदैछौं र यी पापबाट पिडीतहरू पार्थना गरिरहेका छन्।

तिनीहरूलाई हेर्नको लागि त्यो मर्दैगरेको चोर आनन्दित भएको थियो ......... (साँच्चै सबैकुरा खतम भएको छ त्यो विचरा गरिव व्यक्ति खतम भएको थियो )........

१५५) के तपाईं माथि आउन चाहनुहुन्छ ? तपाईंलाई थाहै छ कि तपाईं माथि आउनुहुन्छ ? बाइबलले भन्दछ "यदि तिमी मलाई जान्दछौ तर गर्दैनौ भने त्यो पाप भन्दा पनि बडी हो।" के तपाई आउनु हुन्छ ? तपाईं जो यो जान्नुहुन्छ तपाईं गलत हुनुहुन्छ तपाईं माथि आउनोस् र वेदि सामुन्य आएर घुँडा टेक्नुहोस् र परमेश्वरलाई भन्नुहोस् कि जसरी मैले तिनीहरूसँग व्यवहार गरें त्यसको निम्ति मलाई खेद छ। हुनसकोस् पवित्रआत्मा फर्कि आउन र पुनः नम्र, सज्जन एवं शान्त बनाउन। के तपाई माथि आउनुहुन्छ ? स्मरण होस् यदि मर्नु हुन्छ र त्यो तपाईंको निम्ति गइसकेको हुन्छ र कोही पनि त्यस्तो व्यक्ति हुँदैन तपाईंको लागि बोलिदिने। उहाँ चाहनुहुन्छ कि अहिले बिहान उहाँको लागि खडा हुनोस्। मेरो भाइ, परमेश्वर तपाईंलाई आशिष देउन।

१५६) उहाँ प्रतिक्षा गरिरहनु भएको छ। के यस्तै हो मण्डलीमा केवल पन्ध्र हुनुहुन्छ र तिनीहरूलाई अनुभव भएको छ कि तपाई दोषी ठहरिनु भएको छ। के तपाईंले शान्त, नम्र जीवन बिताउनु भएको छ ? अब हेर्नोस् यो पवित्र आत्माबाट निर्देशित भएको छ। के तपाईंले क्षमा दिने गर्नुभएको छ ? के तपाईंको कुनै शत्रु छैनन ? दोषी भएर पनि के बितेका कुरा भूल्नु हुन्छ ? तपाई मुर्तिपूजक जस्तो होइन वेग्लै जीवन बिताउनुहोस। तपाईंको जीवनको रूपरेखा भिन्न छ। नम्र पवित्र आत्मा तपाईंको हृदयको सिंहासनमा रहेको छ तपाई शान्तपूर्वक सबैलाई प्रेम गर्दै जीवन बिताउनु होस तपाईंका छिमेकीहरूले पनि थाहा पाउन कि तपाई सभ्य, शान्त विनम्र विश्वासी हुनुहुन्छ। के परमेश्वरको ढुकुर तपाईंसँग हुनुहुन्छ ? के तपाई सुनिश्चित हुनुहुन्छ ? हुनसक्छ तपाईंको निम्ति यो अन्तिम अवसर । ठीक छ।

१५७) यसपछि तपाईं जो यो वेदिमा हुनुहुन्छ परमेश्वरले तपाईंलाई आशिष देउन। अब तपाईंको न्याय हुँदैन।पवित्र आत्मा तपाईंको सामु न्याय ल्याएर आउनुभएको छ। तपाईंले आफ्नो अधिकार कायम राख्न चाहनुभएको छैन भन्नुहोला "ओह म ता धेरै समयदेखि इसाई भएको छु। मलाई जाने आवश्यकता छैन।" तपाईंहरू मध्ये केही सायद अहिलेसम्म वेदिमा आउनु भएको छैन। तपाईंले भन्नुहोला मेरो इच्छा हो यदि म चाहन्छु भने पापी नै रहनसक्छु मेरो अधिकार हो। यो ठीक छ। तपाईं स्वतन्त्र हुनुहुन्छ तपाईं जसरी काम गर्न चाहनुहुन्छ तपाईं गर्न सक्नु हुन्छ। तर आज विहान तपाईं आफ्नो अधिकार छोड्नुहोस्। तपाई भन्नुहोला "मानिसले के भन्लान्" कि म इसाई भएर वेदीमा जाँदैछु के भन्लान् ?" तर परमेश्वरले के भन्दै हुनुहुन्छ ? उहाँले तपाईंलाई अगाडि आउन भन्नुभयो र तपाईं आउनुभयो। तपाईंले आफ्नो अधिकार छाड्नुभयो र पवित्र आत्मा तपाईंभित्र आउनुभएको छ। र मलाई थाहा छ उहाँले यस्तै गर्नुहुन्छ। उहाँले प्रतिज्ञा गर्नुभयो कि उहाँले यस्तो गर्नु नै हुनेछ। अब कसैले रोक्न सक्दैन आफैले आफूलाई रोक्न सक्दैन। उसले आग्रह गर्दै थियो उच्च स्वरले पुकार्दै थियो भन्दै थियो ताकि उ आएर आफ्नो स्थान ग्रहण गरोस र उ तपाईंको भीत्र आउन इच्छा गरिरहेको छ।

१५८) तपाईंको मृत अवस्थामा जब मृत्यु तपाईंको नजिक हुन्छ तपाईं बाहिर लुकेर बसेको वस्तु हेर्नुको सट्टा एक पटक आउने इन्कार गुर्न भएको थियो र तपाईंको प्राण अन्धकारमा पर्छ। तपाईंको निम्ति समय अधिक छैन। त्यसपछि केही मतलब छैन कि तपाईं कति धेरै रून सक्नु हुन्छ। एसाबले पाप गर्‍यो र उसले आफ्नो

अनुग्रहको दिनलाई ठक्कर दियो र समय मिलेको थिएन । र उ रोहि कराई गर्थ्यो र त्यसलाई ठीक पर्न रोहिरहेको र समय खोज्दै थियो तर त्यस्तो हुन सकेन । र परमेश्वरले उसलाई अन्तिम पटक बोलाउनु भएको थियो ।

१५९) तर तपाईं आज विहान यहाँ आउन आफ्ना साथी, आफ्ना सबै अधिकार आफ्ना सबै घमण्ड छाडिदिनोस् । तपाईं यहाँ घुँडा टेक्न र परमेश्वरसँग बातचीत गर्नुहोस् । मैले यो सब प्रभुको वचनद्धारा भन्दैछु येशूले भन्नुभएको थियो "जो मेरो पछि आउँछ ………………" अब तपाईं यो वेदिमा हुनुहुन्छ तपाईं प्रायश्चित गर्नोस् र उसलाई बताउनुहोस कि मेरो निम्ति उ निन्दित भयो ।

१६०) यहि कारण हो कि मानिसहरू पवित्र आत्मा पाउँदैनन् । वाप्तिस्मा लिन्छन् किनकि तिनीहरू सुचाररूपले पूर्णतः प्रायश्चित गर्दैनन् । परमेश्वर तिनीहरूलाई पवित्र आत्मा दिन चाहनुहुन्छ तर उहाँ चाहनुहुन्छ त्यसका लागि तपाईं नम्र हुनुपर्छ । यसकारण त्यही स्वार्थको निम्ति तपाईं आफ्नो हृदयमा लिनुहुन्छ । हुन सक्छ तपाईं उभिन सक्नु हुन्छ कराउँदै चिच्याउँदै अन्य भाषामा बोल्नसक्नु हुन्छ तर यस्तो हुँदैन कि तपाईंसँग पवित्र आत्मा हुनुहुन्छ । तपाईं यहाँबाट वेग्लै व्यक्ति भएर उठ्नु पर्छ । तपाईं नम्र भद्र हुनुपर्छ र पवित्र आत्मा तपाईंभित्र बास गर्नुभएको हुन्छ । गत वर्ष तपाईंले पछाडि फर्केर बाटो हेर्नुभयो कि तपाई कति धेरै टाढा पुगिसक्नुभएको छ तपाईं सबै समय अगाडि बढ्दै हुनुहुन्छ । यो पवित्र आत्मा हो । पवित्र आत्मा प्रेम, आनन्द, शान्ति, धीरज, नम्रता दया, धैर्य र विश्वास हो । अब तपाईं प्राश्चित गर्नुहोस् र परमेश्वरलाई भन्नुहोस् कि तपाईं सधैं ठीक हुनु चाहनुहुन्छ र तपाईं राम्रो बन्न चाहनुहुन्छ ।

१६१) सानी केटी जो त्यहाँ छ तिमी पनि त्यस्तै गर्नोस् परमेश्वरले तपाईंलाई आशिष देउन। तिम्री आमाले तिम्रो माथि हात राखेर खडा भएकिछन्।

१६२) यो वृद्ध अश्वेत बहिनी वेदीमा शिर झुकाएर खडी भएकी छन्। तपाईंलाई मकैको रोटी खानुपर्ला अथवा नराम्रो सडकमा रहनुपर्ला र म यो जान्दछु, परमेश्वरले तपाईंको हृदयलाई आशिष देउन र यो समय महिमामा एक महल तयार भएको होस यो ठीक छ।

१६३) यहाँ वेदीमा हेर्नोस, एक महिला जसको कपाल सेतो भएको छ र उ एक युवतीसँग उभिएकी छ र उसले आफ्नो शिर झुकाएकी छ। यो पाको सेतो फुलेकी स्त्री वेदीमा खडा छ। हे परमेश्वर, विभिन्न मानिसहरू यहाँ घुँडा टेकेर रहेका छन्। तपाईंहरू प्रायश्चित गर्नोस र तपाईंहरू परमेश्वर सामु पश्चात्तापि हुनोस्। र तपाईं भन्नोस अब कहिले पाप कर्म दोहोरयाउँदैनौ र उहाँको अनग्रहद्वारा आफूलाई मृत समान उहाँमा समर्पित गरेर नम्र बनाउनोस् र तपाईं उहाँले देखाएको मार्गमा हिंड्न चाहनुहुन्छ।

१६४) जब मानिस केही भन्छन् तपाईंलाई त्यसबाट केही मतलब छैन कि त्यो कुरा कति सत्य छ जब तपाईं आफ्नो छिमेकी आफन्तसँग कुरा गर्नुहुन्छ आफ्नो अधिकार छाड्नोस्। तपाईं जब कुरागर्नुहुन्छ तपाईं येशूको विषयमा कुरा गर्नुहुन्छ। तपाईं जुन ठीक छ त्यही गर्नुहुन्छ। तपाईं एक हत्यारा जस्तो बाहिर जानुहुन्न। तपाईं कुनै निर्दोषलाई आघात पहुचाउँनु हुनेछैन। तर तपाईं साँचो विश्वासीको साहसिक विरता देख्नु हुन्छ र तपाईं उनीहरू जस्तै हुन चाहनुहुन्छ। यदि तपाईं साँचो विश्वासी हो भने तपाईंले भन्नु पर्दैन कि तपाईं विश्वासी हो त्यो त सबैले देखिहाल्नेछन्। जब तपाईं तिनीहरूसँग

कुरा गर्नुहुन्छ तिनीहरू तपाईंबारे थाहा पाई हाल्छन्। तपाईं भीत्र बाहिर छाप छ।

१६५) जब तपाईं आफ्नो हृदयलाई नम्र बनाउनु हुन्छ तपाईं प्रायश्चित गर्नुहोस्। तपाई परमेश्वरलाई भन्नोस् कि तपाईं पश्चातापी हुनुहुन्छ र फेरि दोहोराउनु हुनेछैन जे जति नराम्रो काम गरे त्यसको लागि लज्जित छु। र अब तपाईंको लागि म प्रार्थना गर्न गइरहेको छु। म विश्वास गर्छु कि तपाईंको हृदयमा शान्ति आएर बस्नेछ जब शान्ति  तपाईंको हृदयमा आउँछ त्यो शान्ति बहन थाल्छ र प्राण सम्म पुग्छ र तपाईं हल्ला मच्चाउनु भएको अन्यभाषामा बोल्नु भएको छ भने वा यताउता कुद्ने दौडने गर्नु भएको छ भने तपाई वेदीबाट केही कुरा भित्र लिएर जानोस् कुनै कुराले तपाईंभित्र आयो भने तपाईंले त्यो पुरानो क्रुस त्यसलाई सम्हाल्नुहोस तब सम्म तपाईं जीवित रहनुहुन्छ। अब जब म प्रार्थना गर्छु, तपाई आफ्नो पापलाई अंगिकार गर्नोस्।

१६६) हाम्रो स्वर्गीय पिता, हामी अयोग्य प्राणी हौं हामी यो गर्मी कोठामा आज विहान भेला भएका छौं तर परमेश्वर तपाईंले हाम्रो लागि पसिना बहाउनु भएको थियो। पवित्र आत्मा तल आउनु भयो र मानिसहरूलाई दोषी ठहराउनुभयो कि उनीहरू गलत थिए। तिनीहरू पाप गरिरहेका थिए। तिनीहरूको आत्मा घमण्डी थियो। तिनीहरू खराव गर्ने थिए र तिनीहरूलाई थाहा थियो तर प्रायश्चित गर्न चाहँदैन थिए तिनीहरू क्षमावान हुन चाहँदैन थिए। जोहरूले उहाँको विरूद्ध काम गरेका थिए। तर पवित्र आत्माले परमेश्वरको वचन लिएर ठीक उनीहरूको विनम्रता हृदयमाा बसाएको छ र भन्दछ "अब के तिमीहरू पहिलेकै स्थानमा आउन चाहन्छौ। तिमीहरू वेदीमा आओ त्यो स्थितिमा फर्केर आओ जहाँ तिमी

सबैलाई प्रेम गर्छौ र म प्रति अचुक प्रेम गर्छौ ? फेरि उठ र वेदीमा आओ ।" प्रभु यिनीहरूले यस्तै गरेका छन् ।

१६७) प्रभु अव, म प्रार्थना गर्छु कि तपाईं यिनीहरूको विचारलाई पवित्र पार्नोस यिनीहरूको हृदयलाई पवित्र गर्नोस् यिनीहरूलाई नम्र र शान्त पार्नोस् । हुन पाओस कि त्र प्रायश्चित गरे पछि तथा तपाईंलाई आफ्नो जिवन दिए पछि यो वेदीबाट उठेर आफ्नो घर फर्कन्छन् । यिनीहरूलाई के हुन्छ मतलब छैन यदि पति पूर्णत रिसाउँछ र पत्नी रिसाउँछे वा आफन्त रिसाउँछन् र कोही परेशानमा छन् जसहरूसँग तपाईं काम गर्दै हुनुहुन्छ र जससँग तपाईं सहयोग गर्नुहुन्छ तपाईं भन्नुहुन्छ "म ता ढुकुर जस्तै शुशिल रहनेछु ।"

१६८) जे तपाईंको प्रतिशोध तपाईंकै हुन्छ । तपाईंले भन्नुभएको थियो "योहवाको यस्तो वाणी छ म पुरा गर्छु ।" । प्रभु हामी कति धेरै पाउँछौं । हामी शान्त बसौं शुशिल रहौं परमेश्वर लिनुहुन्छ ....... उहाँको मेम्नामा आऔं । निश्चयनै त्यो जीवन आफ्ना उनीहरूका लागि दिएको छ र उहाँ आफ्ना भेलामा आउनुभयो । र त्यहाँ आफ्नो मार्गदर्शन गर्नुहुन्छ । हाय, तिनीहरूलाई जो उहाँको विरूद्ध एक शब्द पनि निकाल्छन् । भनिन्छ उचित यही हुन्छ कि तिम्रो गलामा जाँतो भुण्डाएर डुब्नको लागि समुद्रमा फ्याँकिनेछ । उहाँको दूत सधैं स्वर्गमा हुने मेरो पिताको मुख हेर्छन् । बुझ्नु भो हे परमेश्वर हामी चाहन्छौं............ र जो तिनीहरूप्रति तिमीले गऱ्यौ त्यो मलाई नै गरेको हो ।

१६९) यस प्रकार परमेश्वर म पनि शुशिल बन्न चाहन्छु । यो विहान म पनि स्वयंलाई वेदीमा ल्याउँछु यो विहान मात्र होइन प्रत्येक विहान शुशिल बन्न चाहन्छु । पिता यो हुन दिनोस् । यस्तो हुनलाई तपाईंले सहायत गरिदिनुहोस् ।

शान्ति ! शान्ति !! महान शान्ति !!!

जो माथि पिताबाट आउँछ (के अब तपाईं आफ्नो हृदयमा अनुभव गर्न हुन्न ?)

जो मेरो आत्मामा सदैव रहन्छ (हालेलूयाह ! हालेलूयाह !)

शान्ति ! शान्ति !! महान शान्ति !!!

१७०) बहिनी ग्रेटीले भनेकी छन् मण्डलीलाई भनियोस् कि त्यो पनि द्वेषि भएको छ तर उसले पियानोलाई नै आफ्नो वेदी बनाएकि छन् । किनकि वेटी, पियानो नै तिनको वेदी भएको छ र तिनले भनिन "मण्डलीलाई भनियोस् कि मेरो लागि प्रार्थना गरून् ।" जबकि तिनी त्यहाँ छिन चस्मा भित्रबाट आँशु झार्दैछिन् । यो प्रचार मञ्च नै मेरो वेदी हो । मेले पनि प्रायश्चित गरेको छु । मेरो बाइबल नरम भएको छ ।

हे परमेश्वर शान्ति.............
परमेश्वरको शान्ति ...........

आउँछ जो माथि परमेश्वरबाट (
हालेलूयाह !)

रहन्छ जो मेरो आत्मामा सर्वदा
.............

१७१) परमेश्वर, यदि मैले कसैको विरूद्ध पाप गरेको छु भने यदि मैले तपाईंको विरूद्ध पाप गरेको छु भन्ने प्रभु तपाईं त्यसलाई हटाइदिनोस् । आज विहान मेरो यो सानो मण्डलीबाट पाप हटाइदिनोस् ।

१७२) कतिले यहाँ अनुभव गर्न सक्छन् कि परमेश्वरले तपाईंलाई क्षमा गर्नुभएको छ शान्तिको ढुकुर पुनः तपाईंको हृदयमा बसेको छ ? त्यो ढुकुरले फर्केर

तपाईंको हृदयभित्र बस्न आएको छ। पवित्र आत्मा फर्केको छ र भन्दछ "मेरा छोराछोरी म सधैं तिमीहरूलाई प्रेम गर्दछु। तिमीहरूले मलाई बस्न दिएका थिएनौ म ति।मीहरूको पुरानो स्वार्थी आत्मामा बस्न सक्दिनथे। तर अब तिमीले आफूलाई समर्पित गरिसकेका छौ यो विहान पुनः म तिम्रो हृदयमा फर्किआएको छु।" कतिले यो अनुभव गर्नेछन् तपाईं आफ्नो हातलाई माथि उठाउनोस्। वेदी वरीपरि हात उठेका छन। यो राम्रो कुरा हो। बाहिर कतिलाई यसप्रकारको अनुभव हुन्छ ? तपाईं आफ्नो हात माथि उठाउनोस्। ओह ! (भाइ ब्रान्हाम पियानो बजाउनेसँग "येशू समान हनुको लागि" धुन बजाउन भन्नुहुन्छ)

येशू समान हुनुको लागि ............

१७३) हाम्रो स्वर्गीय पिता, म तपाईंलाई समर्पणको यो असल समयको लागि धन्यवाद दिन्छु। यो समर्पण जस्तो स्याउ हातमा लिएर त्यसलाई पिसेर मसिनो पारे जस्तै हो त्यसलाई पिट्दा पिट्दा अति मसिनो पारेर मुलायम बनाइएको छ एक सानो बालकले पनि त्यसलाई खान सक्दछ। हामी त्यसरी नै हाम्रो हृदयमा भएको चाहन्छौ हे प्रभु तपाईं आफ्नो काँटछाँट गर्ने हातमा लिएर बताउनुहोस् "नानीहरू के तिमीहरू त्यो घाउलाई देख्दैनौ जो तिमीहरूले मलाई दियौ ? जब तिमीहरूले मलाई आघात पुराएको थियौ, जब तिमीहरू अचम्मका काम गरेको देख्दछु तिम्रो कारण मेरो हृदय व्याकुल हुन्छ। तर मेरो हातमा तिम्रो हृदय आएको छ। म यसलाई नम्र बनाउन चाहन्छु। म यसलाई उपयोग गर्न सक्ने तुल्याउँछु। र त्यसमा बस्ने छु। यो विहान म पुनः फर्केर बास बस्न चाहन्छु। म तिम्रो साथ रहन चाहन्छु। प्रभु, यो प्रार्थनालाई ग्रहण गर्नोस्। म तपाईंलाई प्रेम गर्छु।

आफ्नो महिमाको लागि त्यस्तै गर्नोस्। म येशूको नाउँमा माग्छु। आमेन्।

येशू जस्तै हुनको लागि (के तपाईंलाई यस प्रकारको आराधना गर्न राम्रो लाग्दैन ? मेरो प्राण त स्नान गरिरहेको छ ? पृथ्वीमा म ....... (त्यसप्रकार आफ्नो उपासकहरू माझ तल आउँदै गरेको देखेर तपाईंको हृदय सुमधुर अनुभूति हुँदैन ? मेरो हृदय जोर जोरले स्पन्दित भइरहेको छ।)

म केवल यो माग्दछ कि म उहाँ समान बनुँ।

जबकि हामी यसलाई गाउँछौं के तपाईं आफ्ना हात माथि उठाउनुहुन्छ ?

येशूको समान हुनको लागि .........(जाय के तपाईं यहाँ माथि आएर आज विहान प्रार्थना गर्न सक्नुहुन्छ ? परमेश्वरले तपाईंलाई आशिष देउन। भाइ, जाँय, तपाईं वेदीमा आफ्नो स्थान लिनोस। तपाईंलाई परमेश्वरले आशिष देउन।

पृथ्वीदेखि महिमासम्म यात्रा गरूँ

म केवल यहि माग्दछु कि म उसकै समान बनुँ!

१७४) साथीहरू, मलाई थाहा छ गर्मी छ। तर म आशा गर्छु कि तपाईलाई पनि मेरो जस्तै भइरहेको होला। म ता टाढासम्म जान सक्छु त्यो कति प्रेममयी छ। म के गर्न सक्छु ? म कहाँ गइरहेको छे। हे परमेश्वर, म कहाँ गइरहेको छु ? म कहाँको लागि अगाडि बढिरेको छु ? के हुन गइरहेको छ ? सय वर्ष पछि म कहाँ जानेछु ? के यदि उ मसँग नहुने हो भने कुनै शरणस्थल हुनेछ ?

बेतलहमको एक गाईगोठबाट एक अपरिचित निक्लि आयो पृथ्वीमा म उसकै समान हुन चाहन्छु। सबै मिलेर गाऔं।

येशू समान हुनको लागि (परमेश्वरलाई महिमा होस्) हे प्रभु, म संसारको समान होइन तपाईंको समान होउँ !

यो जीवनको यात्रामा पृथ्वीबाट मैले महिमा केवल मागेको छु। ............

१७५) जबकि आ-आफ्नो शिर झुकाइएको छ म तपाईंसँग केही सोध्न चाहन्छु। यहाँ कोही छ जसले पवित्र आत्मालाई अप्रसन्न गर्न चाहन्छ। कसैलाई बोलाइएको छ। म उसको भविष्यवक्ताको रूपमा येशू मसिहको नाममा भन्दछु। म अनुभव गर्न सक्छु नि उसको हृदय घायल भएको छ। बाहिर केही छ जसले उसको आज्ञा मानेको छैन उ यहाँ आउन सक्छ। के तपाईं अब यहाँ आउनु हुन्न ?

जीवनको सम्पूर्ण यात्रामा (हो बहिनी, तपाईं बाहेक अरू पनि कोही छ।)

म यो माग्दछु कि म तउ समान हुन सकुँ ... (यो नै मेरो सम्पूर्ण अभिलाशा छ म नम्र र चुर्ण बनु म उहि समान बन्न सकूँ)

पृथ्वीमा म .......... (के तपाईं अब माथि आउनुहुन्न ? परमेश्वर तपाई यहाँ आउँदै गरेको हेर्न चाहनुहुन्छ तपाईं मध्ये कसैलाई बोलाइएको छ)

सारा .................

१७६) मलाई थाहा छ तपाईं आउँदै हुनुहुन्छ। परमेश्वरले तपाईंलाई आशिष देउन। यस्तै हुन्छ। मैले यी स्रोतालाई हेरें र मैले त्यहाँ एक भयंकर छाया जो मैले कहिल्यै

नदेखेको देखा पर्‍यो । यो समय पवित्र आत्मा यहाँ छ । यो समय उ मेरो दायाँ पट्टि छ ।" पवित्र आत्मालाई दु:खीत गरिहरको छ ........ " येशूको समान हुनको लागि .................

१७७) उसले के गर्‍यो ?जहाँ पिताले लग्नु भो उतै गयो । भाइ परमेश्वरले आशिष देउन । ठीक छ माथि आउनुहोस् र घुँडा टेक्नुहोस् ।

जबसम्म म पृथ्वीमा रहुँला ...................

१७८) यो समय प्राचिन कालिन रिति समान पापलाई अंगीकार गरिएको छ त्यसलाई सुधार गरिनु छ र आफूलाई ठीक गर्नु छ । अगाडि आउनोस् । म अहिले पनि यो अनुभव गर्छु कि अरू पनि छन् जो माथि आउनु पर्छ । महिला, परमेश्वरले आशिष देउन । तपाईंलाई आशिष मिलोस् । तपाईंलाई आशिष होस् । यो साँचो कुरा हो । पवित्र आत्मा सर्वदा ठीक हुन्छ । अगाडि आउनोस् तपाईं घुमेर भएपनि आउनोस् ।

येशूको समान हुनको लागि यस पृथ्वीमा ................. ( यो ठीक छ । यहि विधि छ कि सबै मिलेर प्रार्थना गरून ।)

यो जीवनको यात्रा पृथ्वीबाट महिमामा ............... ( केवल प्रायश्चित गर, परमेश्वरलाई बताइयोस् कि तपाईं खेदिएको छ यहि हुनु छ)

उसको समान

१७९) अब तपाईं आउन चाहनुहुन्छ

उकै समान हुनको लागि ........... (यो साँचो छ, आँशु बगिरहेको छ तपाईं पनि अगाडि आउनोस्)

१८०) तपाईं के गर्न जाँदै हुनुहुन्छ ? तपाईंको लागि को खडा हुन्छ ? हुनसक्छ आज राति म जब मृत्यु आइपर्छ तपाईंको निम्ति को खडा भइदिन्छ ? तपाईंले के गर्नुभो मतलब हुँदैन पवित्र आत्मा तपाईंको लागि विद्यमान हुनुहुनेछ उहाँ पवित्र आत्मा जो चाहनुहुन्छ कि तपाईं आउनुहोस् ।

पृथ्वी देखि महिमा सम्म यात्रा गरूँ ।

आफ्नो सम्पूर्ण यात्रामा .............

१८१) तपाईं पश्चाताप गर्नोस् र भन्नोस "परमेश्वर मलाई क्षमा गर्नोस । म अब कदापि नराम्रो गर्दिन । यदि अव तपाईंको निम्ति खडा भइन भने तपाईं मेरो निम्ति खडा हुनुहुनेछैन । म चाहन्छु कि तपाईं मेरो निम्ति खडा हुनोस् र म तपाईंको निम्ति खडा हुन्छु । म त्यस्तै जीवन जिउँछु जस्तो एक विश्वासीले जिउनुपर्छ । म आफ्ना कुरा बदल्छु । म शान्त नम्र बन्न चाहन्छु । म कति केवल इसाईजस्तै ढोंगी बनु । तपाईं जुनै सम्प्रदायको सदस्य हुनुसँग केही मतलब छैन । तपाईं अगाडि आउनोस् । परमेश्वरले तपाईंलाई आशिष देउन । नानीहरू तिमीहरू अगाडि आओ ।

१८२) यो समय परमेश्वर तपाईंसँग कुरा गर्दै हुनुहुन्छ यदि तपाईं मलाई उहाँकै दाश भनेर विश्वास गर्नुहुन्छ भने पवित्र आत्माले यो विहान् म सँग भन्नुहुन्छ "त्यो वोलावटलाई गर्नु त्यहाँ धेरै गिरावटमा छन् ।" यो त्यही दिन हो समय यहि हो । त्यहाँ पछाडि पाँच वा छ जना जो वास्तवमा यहाँ वेदीमा आउनु पर्ने थियो । स्मरण रहोस्, भाइबहिनी मैले तपाईंहरूलाई हेर्दै छु त्यो कालो बादल तपाईंमाथि आउँदै छ । उचित यहि हो कि तपाईं सिधै अगाडि आउनोस् ।

१८३) येशू समान हुनको लागि के तपाईं उसको समान हुन चाहनु हुन्न शुशिल, नम्र शान्त बन्न चाहनु हुन्न ? युवक, परमेश्वरले तपाईंलाई आशिष देउन। तपाईं बाबुहरूलाई बच्चा बच्ची सहित आशिष देउन। बहिनी, माथि अगाडि आउनोस् यहाँ स्थान मिलाएर बस्नोस् परमेश्वरले तपाईंलाई आशिष देउन।

१८४) प्यारी बहिनी, तपाईं अझै धन्यवादी हुनुपर्छ। तपाईं ओछ्यानमा पर्न छटपटाउँदै हुनुहुन्थ्यो तर अब वेदीमा हिंडेर आउनु भएको छ। परमेश्वरले तपाईंको सरल हृदयलाई आशिष देउन।

१८५) पवित्र आत्मा फेरि कुरा गर्दैहुनुहुन्छ। तपाईं पश्चाताप गर्नोस र परमेश्वरसँग कुरा गर्नोस् र प्रार्थना गर्नोस् तपाईं नै जो पाप गर्नुहुन्छ तर तपाईं नै प्रार्थना पनि गर्नुहुन्छ। तपाईं परमेश्वरलाई भन्नोस वरिपरी को छ भूलको निम्ति क्षमापार्थी छु। तपाई भन्नोस् "परमेश्वर मलाई क्षमा गर्नोस् म त्यस्तो हुन चाहँदिन थिएँ म नम्र बन्न चाहन्छु अब म कहिल्यै लडाईं झगडा वादविवाद गर्दिन।"

१८६) हे परमेश्वर म कसरी यसलाई प्रेम गर्छु। स्वर्गीय पिता, म पापमा परेको व्यक्ति अब वेदी सामु आएर घुँडा टेकेर प्रार्थना गर्दछु। परमेश्वरले यि आमाबाबु, बालबालिका, आफन्त, चर्चका सदस्य, डीकन, ट्रस्ट (कमिटी)लाई आशिष दिनोस् । पुरानो समय वित्नेवाला छ र यो विहान यहाँ गर्मी छ पवित्र आत्मा आएर शान्तिको कुरा गर्दै हुनुहुन्छ। हे परमेश्वर त्यो दिन खडा भएरम तपाईंबाट सुन्न चाहन्छु "तिमी अगाडि आउ मेरो पक्षमा आयौ अब तिम्रो लागि खडा हुन्छु।" आज यो यहाँ छ सबैको हृदयमा शान्ति भर्दिनोस्। मेरो इच्छा छ कि शान्ति नम्रता यहाँ होस्। म यहाँबाट त्यही अनुभव

लिएर जान चाहन्छु र कहिल्यै म त्यो छाड्ने छैन। यो परिवार नयाँ बनोस्। मानिस नयाँ व्यक्ति बनोस्। आज सबै नयाँ बनून। किनकि यी सबैले आफूलाई नम्र बनाएका छन्। तपाईंले भन्नु भएको थियो "यदि यिनीहरू मेरो नाम पुकार्छन् तिनीहरूले आफैलाई नम्र तुल्याउन र प्रार्थना गरून र म स्वर्गबाट सुन्दछु।" हे परमेश्वर तपाई यो निवेदन यस्तै नै गर्नुहुनेछ।

१८७) म तिनीहरूलाई जो सिटमा छन् क्षमा होस् भनेर प्रार्थना गर्छु। जबकि तिनीहरू आउनुपर्ने थियो। परमेश्वर तिनीहरूसँग कुरा गर्नोस र प्रभु, जबसम्म यिनीहरूले तपाईंसँग आएर सम्बन्ध सुधार गर्दैनन्। तिनीहरूलाई वेचैन हुनेछ। प्रभु तपाई सबैलाई आशिष दिनुहोस्। तपाईंको दया र करूणा प्रत्येक माथि रहोस् जो पश्चातापि भएका छन् यो विहान मण्डली झुकेको छ।

१८८) पिता मैले तपाईंकै आज्ञामा यो गरेको छु। मैले यिनीहरूलाई बोलाएँ र यिनीहरू खडा भए । तपाईंले भन्नुभएको थियो "तिमी जो मेरा मानिस सामुन्य गहवायी दिनेछौ म तिनीहरूको गहवायी मेरा पिता र पवित्र स्वर्गदूतको सामुन्य दिनेछु। यिनीहरू मध्ये कतिपय धेरै समयदेखि इसाई भएका छन् तर यो विहान तिनीहरू गलत थिए भनेर पाप स्वीकार गर्दै यहाँ खडा भएका हुन्। अप्रिय भएका थिए तिनीहरूबाट पवित्र आत्मा टाढा जानुभएको थियो। धेरै पटक त्यो सुशिल, नम्र अनुभव गर्न पाएका थिएनन्। र यिनीहरू मध्ये धेरै पापी पहिलो पटक त्यो शान्तिलाई चाहन्छन् जो सबै समझभन्दा पर छ। प्रभु परमेश्वर अहिले नै तपाईंले प्रदान गर्नोस् र जब यिनीहरू घरघर जानेछन् छुट्टै व्यक्ति बनून भिन्न प्रकारको, प्रेमदायी, र तपाईंको आत्माले

परिपूर्ण भएका हुन्। हामी येशू मसिहको नाममा माग्दछौं।

१८९) तपाईंहरू जो वेदीमा हुनुहुन्छ परमेश्वर तर्फ दृष्टि लगाउनुहोस् आफ्ना वरिपरी सबैसँग हात मिलाउनुहोस्। अब हामी सबै मिलेर गीत गाउने छौं चंगाई सेवा भन्दा केही वेर अगाडि खडा हुन्छौं।

ठाउँ छ वहाँ ठाउँ छ

तपाईंको लागि त्यहाँ ठाउँ छ

ठाउँ छ वहाँ ठाउँ छ

ठाउँ छ वहाँ ठाउँ छ

तपाईंको लागि त्यहाँ ठाउँ छ

ठाउँ छ वहाँ ठाउँ छ

(टेपमा रिक्त स्थान - सम्पा.)

१९०) एक विश्वास ! के तपाईं जान्नुहुन्छ अर्कोदिन तपाईंकी पत्नीले मलाई प्रार्थना गर्न बोलाउनु भएको थियो म सिधै त्यहाँ गएर पवित्र आत्माले भन्नुभो "नडराउ" आमिन। के त्यो वास्तविक थिएन ? अदभूत ! ठीक छ परमेश्वरको स्तुति होस्। म यस्तो अनुभव गर्दैछु कि विजयमा उल्लास हुन्छ। ठीक छ।

उसको रगतले शुद्ध गर्छ .................

(यहि उहाँले भन्नुभएको थियो)

येशू बचाउँछन्।

१९१) ठीक छ, भाइ नेविल ! भाइ स्लाटर के बोल्ने कुनै शब्द छ। (भाइ स्लाटर भन्छन् ......... सम्पा.) परमेश्वरको स्तुति होस (भाइ नेविल भन्छन् "मलाई निश्चित छ कि

सबैले पाएका छन् " सम्पा.) महिमा होस् ! हालेलूयाह ! ( भाइ ब्रान्हाम भन्नुहुन्छ "आज रातिको सभा सम्भनुहोस् खुट्टा धुने र प्रभु भोज गरिने छ"। भाइ ब्रान्हामसँग सोधिन्छ "के तपाईंलाई थाहा छ तपाईं यहाँ हुनुहुनेछ ?" सायर्द म पनि आज राति यहाँ हुन्छु। जहाँ सम्म म जान्दछु म यहाँ हुनेछु जबसम्म मलाई अन्त कतै बोलाइँदैन ।

VOICE OF GOD RECORDINGS INC.

India Office

28, Shenoy Road Nungambakkam, Chennai 600 034 S. India
Phone 827 - 4560 ❑ Fax 44 - 8256970

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org